# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन


**टीकादेवी भण्डारी**

**परीक्षा क्रमाङ्क : २०४०१५३**

**त्रि.वि. दर्ता नं. : ६-१-२०४-१६१-२०००**


त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा
शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.)
द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको
प्रयोजनका निमित्त
प्रस्तुत

## शोधपत्र

सन् २०१५ (वि.सं.२०७२)


कनकाई बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
सुरुङ्गा, झापा

# विषय सूची


क.स. पृष्ठ.

अध्याय एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ३

१.५ अध्ययनका सीमाहरु ४

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

२.१. पूर्वकार्यको समीक्षा ५

२.२ अनुसन्धानमा पूर्वकार्यको उपयोगिता ११

२.३ सैद्धान्तिक /धारणात्मक रूपरेखा १२

२.३.१ बोधको परिचय १२

२.३.२ बोधका प्रकार १३

२.३.३ पठन बोधका चरणहरु १६

२.३.४ पठन बोध शिक्षणको प्रयोजन १८

२.३.५ पठन बोध शिक्षणका कार्यकलापहरु १९

२.३.६ पठन बोधमा प्रभाव पार्ने तत्वहरु २०

अध्याय तिन

अनुसन्धान विधि

३.१. अनुसन्धानात्मक ढाँचा २३

३.२ जनसङ्ख्या तथा नमुना २३

३.३ नमुना छनोट विधि २३

३.४ तथ्याङ्क सङ्कलनका स्रोत २४

३.५ तथ्याङ्क सङ्कलनका साधन २४

३.६. तथ्याङ्क सङ्कलन विधि २४

३.७ तथ्याङ्क विश्लेषण विधि २५

अध्याय चार

व्याख्या तथा विश्लेषण

४.१ तथ्याङ्कको व्याख्या तथा विश्लेषण २६

४.२ मोहनमाया मा.वि.का विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका २७
४.२.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण २८
४.३ भानु उच्च मा.वि.को विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका ३०
४.३.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण ३१
४.४ कनकाई उच्च मा.वि.का विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका ३४
४.४.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण ३५
४.५ होलिवेजिल एजुकेशन फाउण्डेशनका विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका ३७
४.५.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण ३८
४.६ एसेन्ट एकेडेमीका विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका ४०
४.६.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण ४१
४.७ प्यारागन एकेडेमीका विद्यार्थीहरुको पठन बोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका ४३
४.७.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण ४४
४.८ समग्र विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति ४५
४.८.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति ४५
४.८.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमताको स्थिति ४६
४.८.३ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमताको स्थिति ४७
४.८.४ विद्यार्थीहरुको पठन बोध क्षमताको समूहगत स्थिति ४८
४.९ पठन बोध क्षमतामा विभिन्न समूहहरुको तुलनात्मक स्थिति ४९
४.९.१ पठन बोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्रा बीचको तुलना ४९
४.९.२ विद्यालयको प्रकृतिको आधारमा पठन बोध क्षमताको तुलना ५०
४.९.३ भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमताको तुलना ५१
४.१० सुझाबहरु ५२

अध्याय पाँच

## सारांश निष्कर्ष र उपयोगिता

५.१ सारांश ५४
५.२. निष्कर्ष ५५
५.२.१ पठन बोध क्षमता सम्बन्धी देखिएका समस्याहरु ५६
५.२.२ उपयोगिता ५६
५.३. भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु ५७

सन्दर्भ सामग्री
परिशिष्टहरु

# कृतज्ञता ज्ञापन

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक आदरणीय गुरु श्री तेजप्रसाद खनालज्यूको निर्देशनमा तयार गरेकी छु । आफ्नो व्यस्त समयको बाबजुद पनि कुशल निर्देशन र आवश्यक सरसल्लाह दिनुहुने शोधनिर्देशक गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोधप्रस्तावलाई स्वीकृति प्रदान गरी शोधकार्य गर्न अनुमति दिनुहुने यस कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाका नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख सह प्राध्यापक कोमलप्रसाद पोखरेल तथा सह प्राध्यापक जीवनाथ सुवेदी, उप प्राध्यापक विष्णुप्रसाद कोइराला र सहायक प्राध्यापक शेरबहादुर बानियाँ गुरुहरुप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो अध्ययन कार्यलाई यहाँसम्म ल्याउन आफ्नो तन, मन धन खर्च गरेर सधै पढाइमा हौसला दिनुहुने मेरा बुबा विष्णुभक्त भण्डारी, आमा मेनका भण्डारी, दिदी चित्रा भण्डारी, बहिनी मीरा भण्डारीका साथै शोधपत्रलाई टङ्कन गरी सहयोग गर्नुहुने श्री उमेश पौड्यालप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सविनय अनुरोधसहित त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापा समक्ष पेश गर्दछु ।

टीकादेवी भण्डारी
स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्ष
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

# शोधसार

| | | |
|---|---|---|
| शोधशीर्षक | : | कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन |
| शोधार्थी | : | टीकादेवी भण्डारी |
| शोध निर्देशक | : | स.प्रा. तेजप्रसाद खनाल |
| विभाग/क्याम्पस | : | त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा |
| शैक्षिक वर्ष | : | २०६६ |
| पृष्ठसङ्ख्या | : | ५७+२० |

शोधको उद्देश्य

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता पहिल्याउनु ।

ख) उक्त विद्यार्थीहरुको भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति आधारमा पठन बोध क्षमताको पहिचान गर्नु ।

ग) उक्त समूहबिच पठन बोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

घ) उक्त विद्यार्थीहरुको दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बीच पठन बोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु ।

शोधको सीमा

क)	प्रस्तुत अध्ययनको तथ्याङ्क झापा जिल्लाका तिन सरकारी र तिन निजी विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुवाट मात्र लिइएको छ ।

ख)	प्रत्येक विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीको अध्ययनमा सीमित गरिएको छ ।

ग)	छनोट गर्दा ४६ छात्रा र ४४ छात्र, नेपाली मातृभाषी ५२, नेपाली विमातृभाषी ३८ जनालाई लिइएको छ ।

शोधप्रक्रिया

प्राथमिक र द्वितीयक स्रोतबाट संकलित सामग्रीहरुका आधारमा विद्यार्थीहरुको परीक्षण गरी उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा देखाइएको छ । विद्यालयको प्रकृति भाषिक पृष्ठभूमि लिङ्गको आधारमा छुट्टाछुट्टै तालिका बनाई प्राप्ताङ्कको व्याख्या विश्लेषण तथा तुलनात्मक विश्लेषण गरिएको छ । शोधको अन्त्यमा निष्कर्ष निकालिएको छ र निष्कर्षकै आधारमा सुझाबहरु प्रस्तुत गरी शोधप्रक्रिया समापन गरिएको छ ।

निष्कर्ष

प्रस्तुत अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरुबाट १५/१५ जनाका दरले जम्मा ९० जना विद्यार्थीहरुलाई समावेश गरी उनीहरुबाट प्राप्त तथ्यहरुको व्याख्या विश्लेषणका आधारमा निष्कर्ष र सुझाबहरु प्रस्तुत गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा झापा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषय नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी श्री टीकादेवी भण्डारीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । अथक परिश्रम र लगनशीलताका साथ तयार गरिएको प्रस्तुत शोधपत्र समय सापेक्ष र मौलिक भएकाले यसको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

तेजप्रसाद खनाल
सहायक प्राध्यापक नेपाली भाषा
शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

सन् २०१५
वि.सं. २०७२

# सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्ग राज (२०५३), **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०५७), **नेपाली भाषा शिक्षण,** काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदार प्रसाद : (२०५२), **कक्षा तिन पुरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन,** काठमाडौः अनुसन्धान प्रतिवेदन ।

अधिकारी, हेमाङ्ग राज र भट्टराई बद्री विशाल (२०६१), **प्रायोगिक नेपाली शब्दकोश** काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि.

अधिकारी, दिव्यकला (२०६४), **कक्षा ६ पुरा गरेका विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

खड्का हेमन्त (२०६४), **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौँ : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स कीर्तिपुर

खनाल, शान्ति (२०६२), **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

गौतम, गुरुप्रसाद (२०६०), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

घिमिरे, विष्णुहरि (२०५६), **हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यताको**

**अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली कृष्णप्रसाद (२०६३) **कक्षा दसमा अध्ययनरत विद्‌यार्थीहरुको पठन बोध क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, कमल र न्यौपाने छायादत्त (२०५९), **नेपाली साहित्य वाटिका,** काठमाडौंः सत्याल प्रकाशन

पाठ्क्रम विकास केन्द्र (२०६९), **आधारभूत शिक्षा पाठ्यक्रम,** सानोठिमी भक्तपुर ।

पुरी, सत्यरुपा (२०६०), **'हाम्रो नेपाली किताब कक्षा ६ को बोधगम्यताको अध्ययन'** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा, २०४०), **नेपाली वृहत शब्दकोश,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौं ।

पौडेल, दुर्गादेवी (२०६४), **'कक्षा आठमा अध्ययनरत विद्‌यार्थीहरुको पठन बोध क्षमताको अध्ययन'** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज

शर्मा, केदारप्रसाद र पौडेल माधव (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज

**पत्रपत्रिका :**

शिक्षक मासिक पत्रिका (पौष २०७१), ललितपुर : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि.

# प्रतिबद्धता पत्र

प्रस्तुत 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी छु । यसमा भएका सबै तथ्य प्रामाणिक छन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

शोधार्थीको नाम

टीकादेवी भण्डारी

# संक्षेपीकृत शब्दसूची

शोध प्रतिवेदनमा प्रयोगमा आएका संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्णरूप |
|---|---|
| प्रा.ने.श. | प्रायोगिक नेपाली शब्दकोष |
| वि.सं. | विक्रम सम्वत् |
| पू. | पूर्णाङ्क |
| क्र.स. | क्रमसङ्ख्या |
| न.पा. | नगर पालिका |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षण |
| सम्पा | सम्पादक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| ने.वृ.श. | नेपाली वृहत् शब्दकोश |

# परिशिष्ट "ग"

अध्ययनमा सहयोगी विद्यालयहरुको नामावली

१. श्री मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड नगरपालिका, झापा

२. श्री भानु उच्च माध्यमिक विद्यालय, शनिअर्जुन नगरपालिका, झापा

३. श्री कनकाई उच्च माध्यमिक विद्यालय, कनकाई नगरपालिका झापा

४. एसेन्ट एकाडेमी, विर्तामोड नगरपालिका, झापा

५. प्यारागन एकाडेमी, कनकाई नगरपालिका झापा

६. होलीवेजिल एजुकेशन फाउण्डेशन, शनिअर्जुन नगरपालिका, झापा



# परिशिष्ट "क"

अध्ययनका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरु

विद्यालयको नाम : ............................................................ कक्षा ........

विद्यार्थीको नाम : ............................................................. रोल नं. ...

मातृभाषा : ................................ पूर्णाङ्क : ५०

१. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस ।

बोधिसत्व र अजित जङ्गलमा घुम्दै थिए । घुम्दै जाँदा एउटा गुफा भेटियो । त्यस गुफाको मुखनिर एउटी बुढी बघिनी लम्पसार परेकी थिई । नजिकै भर्खरै जन्मेका दुईवटा डमरु माउको दुध चुस्न खोज्दै थिए । सुत्केरी बघिनी भोकी र धेरै कमजोरी थिई । खानेकुरा नपाएर आफै मर्न लागेकी थिई । डमरुहरु दुध चुस्ने आशले लड्दैपड्दै माउको नजिकमा जान्थे । बघिनी झर्को मान्दै ङ्यारङ्यार गर्दै तिनीहरुलाई मुखले झम्टन्थी । भोकले कमजोर भएकाले हलचल गर्न भने सक्दिनथी ।

बोधिसत्व र अजितले यो दु:खदायी दृश्य देखे । बोधिसत्वलाई करुणा जाग्यो उनीहरु डमरु र बघिनी दुवैको दुर्दशा देखेर छटपटाउन लागे । सज्जन व्यक्तिहरु आफ्नो दु:ख सहन सक्छन् तर अरुको दु:ख भने देख्न पनि सक्दैनन । दुवैले हेर्दाहेर्दै एउटा डमरु बघिनीको मुखनेर आइपुग्यो । त्यसलाई देखेर बघिनीले मुखमा र्‍याल काढ्न थाली । अब यो बघिनीले आफैले बच्चा खाने भई भन्ने कुरा बोधिसत्वले बुझिहाले उनलाई सारै दु:ख लाग्यो । उनले मनमनै सम्झे "भनिन्छ संसारमा कुपुत्रहरु जन्मन्छन् तर कुमाता हुँदैनन् र यहाँ त कुमाताको व्यवहार पो देखिन थाल्यो ।" मनमा यति सोचेर उनी ती डमरुलाई आमाको नजिक पर्न नदिने उपाय गर्न थाले ।

प्रश्नहरु :

क

१. क) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) गुफाको मुखनिर के थियो ?

उत्तर :- ..........................................................................................

ख)　बघिनीले डमरुलाई किन दुध चुस्न दिइन ?

उत्तर :- ..........................................................................................

ग)　बोधिसत्व किन छटपटाउन थाले ?

उत्तर :- ..........................................................................................

घ)　बघिनीले किन ऱ्याल काढी ?

उत्तर :- ..........................................................................................

ङ)　"कुपुत्र"को अर्थ के हो ?

उत्तर :- ..........................................................................................

१　ख)　सही उत्तर छानेर रेजा (✓) लगाउनुहोस् ।

क)　बोधिसत्व र अजित कहाँ घम्दै थिए ?

अ) बजारमा　आ) आँगनमा　इ) जङ्गलमा　ई हिमालमा

ख)　बोधिसत्व र अजितले कस्तो दृश्य देखे ?

अ) दुःखदायी　आ) जीवनदायी　इ) सुखदायी　इ) लाभदायी

ग)　"सज्जन"को उल्टो अर्थ दिने शब्द कुन हो ?

अ) दुर्गुण　आ) दुराचार　इ) दुर्जन　ई) दुर्मुख

घ)　डमरु कसको मुखमा आएपुग्यो ?

अ) बघिनी　आ) सिंहिनी　इ) बहिनी　इ) भगिनी

ङ)　"कुमाता" शब्दको अर्थ के हो ?

अ) असल आमा　आ) खराब आमा　इ) सुन्दर आमा ई) कुरूप आमा

२　तल दिइएका अनुच्छेदका खालीठाउँमा कोठामा दिइएका छासमिस शब्दमध्ये उपयुक्त शब्द भर्नुहोस् ।

नेपालको प्राकृतिक ................ विचित्रको छ । सानो भौगोलिक क्षेत्रफल भएको नेपालमा हिमाल पहाड र तराईको ........... सङ्गम रहेको छ । उत्तर दिशामा पश्चिमदेखि पूर्व सम्म फैलिएका ...........................

ख

हिमश्रृङ्खलाहरु छन् । विश्वका .................. दसवटा शिखरमध्ये सगरमाथा लगायत आठवटा हिमचुलीहरु यही रहेका छन् । हिमालमुनि ....................

परेका हरिया पहाडहरु छन् । तिनका मुनि भित्री मधेश र ......... तराई छ । प्रकृतिको एउटा सुन्दर ......... जस्तो लाग्ने यो मुलुक विश्वकै ............... देशहरु मध्ये एक हो । यस भित्र .................. दृश्यावलीका दृष्टिले सयौ आकर्षक र सुन्दर ठाउँहरु छन् । ती मध्ये सुदुर पश्चिमाञ्चलको खप्तड प्रकृतिक संस्कृति र ................ विविधता दृष्टिले मनमोहक स्थल हो ।

| |
|---|
| जैविक, बनोट, अनौठो, पङक्तिबद्ध, सर्वोच्च, उर्वर, तरेली, प्राकृतिक, सिर्जना, सुन्दर |

३. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

एउटा सुन्दर वनमा बसोवास गर्दै आएका खरायोहरु चारैतिर मडारिएको असुरक्षा र बढ्दो खतराबारे छलफल गर्न एउटा चउरमा भेला भए । त्यो वनका मांसहारी जनावरले बच्चा बुढा जसलाई भेट्यो उसैलाई खाइदिएर खरायो समूहलाई साँच्ची नै हैरान पारेका थिए । लामो छलफलपछि खरायो भेलाले निर्णय गऱ्यो "मांसहारी जीवहरुबाट दया र विवेकको अपेक्षा राख्नु व्यर्थ हुन्छ । तसर्थ सधै डर-त्रासमा जिउनुभन्दा मर्नु उचित देखिएकाले सबैले आजैका मितिमा सामूहिक जलसमाधि लिने ।"

भेलाको निर्णय अनुसार वन भरिका खरायोहरु एकट्ठा भएर जलसमाधिका निम्ति तलाउतिर अघि बढे । खरायोको जत्था आफूतिर आउँदै गरेको देखेपछि घाम ताप्न किनारमा निस्किएका हजारौ भ्यागुत्ताहरु छप्ल्याङ्छुप्लुङ् गर्दै तलाउ भित्र पसेर लुक्न थाले ।

प्रश्नहरु :

३. क) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) खरायोहरु किन चउरमा भेला भए ?

उत्तर :- ...........................................................................

ग

ख) खरायोको भेलाले के निर्णय गऱ्यो ?

उत्तर :- ...........................................................................

ग) खरायोहरु किन हैरान भएका थिए ?

उत्तर :- ...........................................................................

घ) भ्यागुत्ताहरु किन लुके ?

उत्तर :- ..............................................................................

ङ) जलसमाधि को अर्थ के हो ?

उत्तर :- ..............................................................................

३ ख) सही उत्तर छानेर रेजा (✓) लगाउनुहोस् ।

क) खरायोहरु कहाँ बस्थे?

अ) वनमा आ) घरमा इ) इनारमा ई बारीमा

ख) खरायोको जत्था किन तलाउ तिर गयो ?

अ) पानी खान आ) जलसमाधि लिन इ) पानी लिन इ) नुहाउन

ग) भ्यागुत्ताहरु कहाँ लुके ?

अ) समुद्रभित्र आ) इनारभित्र इ) तलाउभित्र ई) खोलाभित्र

घ) "सुन्दर" को विपरीतार्थी शब्द के हो ?

अ) खराब आ) कुरूप इ) असल इ) राम्रो

ङ) "तलाउ" को पर्यायवाची शब्द के हो ?

अ) समुद्र आ) नदी इ) इनार ई) पोखरी

४. तल दिइएका अनुच्छेदका खालीठाउँमा कोठामा दिइएका छासमिस शब्दमध्ये उपयुक्त शब्द भर्नुहोस् ।

प्राकृतिक .................... र ऐतिहासिक सम्पदाका दृष्टिले विश्वमै चर्चा पाएको पोखरा .............. सुविधाहरुका दृष्टिले पनि सम्पन्न छ । .................. उपकरणहरुको सहायता लिएर प्रकृतिमा खेल्दा हुने ............. मान्छेलाई झनै बढी आकर्षित गर्दोरहेछ । यहाँ विभिन्न ................. संस्थाहरु औद्योगिक क्षेत्रहरु खेलकुद, यातायात स्वास्थ्य क्षेत्र आदिको राम्रो व्यवस्था छ । ...............दोस्रो राजधानीको नामले पनि चिनिने ............ पश्चिमाञ्चल विकासक्षेत्र र गण्डकी अञ्चलको ............ पनि हो । ............... जिल्लाको मात्र होइन नेपालकै मुटु बनेर मुलकलाई ......................बनाउनुमा पोखराको अहम् भूमिका रहेको छ ।

| |
|---|
| आधुनिक, वैभव, आनन्दले, वैज्ञानिक, शैक्षिक, नेपालको, पोखरा, गौरवशाली, सदरमुकाम, कास्की |

घ

परिशिष्ट "ख"

# उत्तर कुञ्जिका

१. क) सही उत्तर लेखेमा शुद्धता र स्पष्टतामा ०.५ मौलिकतामा १.५ अङ्क गरी एउटा उत्तरको २ अङ्कका दरले पाँचवटा बढीमा १० अङ्क सम्म दिन सकिने ।

ख) सहि उत्तरमा रेजा लगाएमा १ अङ्कका दरले पाँचवटा रेजामा ५ अङ्क दिन सकिने ।

उत्तरहरु :

क) इ

ख) अ

ग) इ

घ) अ

ङ) आ

२. खालीठाउँमा उपयुक्त शब्द भरेमा एउटा शब्दको १ अङ्कका दरले १० ओटा शब्दको १० अङ्क दिन सकिने ।

खालीठाउँमा निम्न शब्दहरु क्रमिक रुपमा भरेमा

बनोट, अनौठो, पङ्क्तिबद्ध, सर्वोच्च, तरेली, उर्वर, सिर्जना, सुन्दर, प्राकृतिक, जैविक ।

३. क) सही उत्तर लेखेमा शुद्धता र स्पष्टतामा ०.५ मौलिकतामा १.५ अङ्क गरी एउटा उत्तरको २ अङ्कका दरले पाँचवटा बढीमा १० अङ्क सम्म दिन सकिने ।

ख) सहि उत्तरमा रेजा लगाएमा १ अङ्कका दरले पाँचवटा रेजामा ५ अङ्क दिन सकिने ।

ङ

उत्तरहरु :

क) अ

ख) आ

ग) इ

घ)   आ

ङ)   ई

४. खालीठाउँमा उपयुक्त शब्द भरेमा एउटा शब्दको १ अङ्कका दरले १० ओटा शब्दको १० अङ्क दिन सकिने ।

खालीठाउँमा निम्न शब्दहरु क्रमिक रुपमा भरेमा

वैभव, आधुनिक, वैज्ञानिक, आनन्दले, शैक्षिक, नेपालको, पोखरा, सदरमुकाम, कास्की, गौरवशाली

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | टीकादेवी भण्डारी |
| ठेगाना | : | विर्तामोड नगरपालिका वडा नं. २, झापा |
| जन्म मिति | : | २०४०/०२/०७ |
| बाबुको नाम | : | विष्णुभक्त भण्डारी |
| शैक्षिक योग्यता | : | एम.एड. (नेपाली) |
| पेशा | : | शिक्षण |
| धर्म | : | हिन्दु |
| रुचि | : | पत्रपत्रिका र साहित्य अध्ययन |

## शिक्षा

| | | | |
|---|---|---|---|
| १. | एस.एल.सी | : | श्री भानु उ.मा.वि. अर्जुनधारा -६, झापा |
| २. | आइ.ए. | : | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा |
| ३. | बी.एड. | : | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा |
| ४. | एम.एड् | : | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा |

| | | |
|---|---|---|
| अनुभव | : | आठ वर्ष शिक्षण पेसामा संलग्न |

अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो देश नेपाल बहुभाषी मुलुक हो । यहाँ विभिन्न किसिमका भाषाहरु बोलिन्छ । धेरै भाषा बोलिने भए पनि सम्पर्क भाषाका रूपमा नेपाली भाषा नै प्रयोग गर्ने गरिन्छ । नेपाली भाषालाई नेपालका विभिन्न संविधानहरुले “देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी भाषा हुने छ” भनी परिभाषित गरेका छन् । यसरी नेपाली भाषा नेपालको राष्ट्रभाषा भएकाले विद्यालयमा प्राथमिक तहदेखि उच्च तहसम्म अनिवार्य तथा ऐच्छिक रूपमा यसको पठनपाठन हुँदै आएको पाइन्छ ।

नेपाली भाषालाई विद्यालयको प्राथमिक तहदेखि उच्च तहसम्म पठनपाठन गराउँदै आए तापनि विद्यार्थीमा अपेक्षा गरिए अनुरूप दैनिक व्यवहारमा पढाइ तथा पठन बोध क्षमताको अभावले बोध तथा अभिव्यक्तिमा कठिनाइ परिरहेको देखिन्छ । अतः विद्यालय स्तरमा नेपाली शिक्षण गर्दा विद्यालयहरुमा सम्बन्धित तहको पाठ्यक्रमले निर्धारण गरेका पढाइ तथा पठन बोध सम्बन्धी उद्देश्य पुरा हुन आवश्यक देखिन्छ । विद्यार्थीहरुमा पठन बोध क्षमतासम्बन्धी कमजोरी रहेको खण्डमा उनीहरुको अभिव्यक्ति क्षमतामा पनि त्यसको असर पर्ने हुन्छ । पठन बोधको क्षमतामा हुने कमजोरी केवल भाषिक सिप विकासमा मात्र नभएर अन्य विषयको ज्ञानार्जनमा पनि प्रभाव परेको हुन्छ । विद्यार्थीहरुमा पठन बोध क्षमता सम्बन्धी आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमका उद्देश्यहरु पनि पुरा हुन  सक्दैनन् । तसर्थ विद्यार्थीहरुमा पठन बोध क्षमताको पहिचान गर्न आवश्यक  देखिन्छ । यसै परिप्रेक्षमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको

अध्ययन गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धानले झापा जिल्लाका तिन सरकारी र तिन निजी विद्यालयका विद्यार्थीहरुको लैङ्गिक भाषिक आदि विविध आधारमा पठन बोध क्षमता पहिचान गरी आवश्यक सल्लाह तथा सुझाव दिन सकिने अपेक्षा राखेको छ ।

## १.२ समस्या कथन :

शोध प्रक्रियालाई अगाडि बढाउनका लागि समस्यालाई पूर्ण परिभाषित गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा उल्लेखित शीर्षकको सापेक्षतामा रहेर भन्नुपर्दा कुनै खास तहका कक्षामा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुमा समान रूपले पठन बोध क्षमताको विकास भएको पाउन सकिँदैन । विद्यार्थीमा पठन बोध क्षमताको विकासविना ज्ञानार्जनको कुरा प्राय असम्भव नै छ । जबसम्म सम्बन्धित कक्षाका र सम्बन्धित विषयका शिक्षकले आफ्ना विद्यार्थीहरुका पठन बोध सम्बन्धी समस्याहरुको बारेमा यथार्थ जानकारी प्राप्त गर्दैनन् तबसम्म उक्त कक्षामा विद्यार्थीहरुका लागि निर्माण गरिएका पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षण सामग्री आदि जतिसुकै स्तर सापेक्ष भए तापनि त्यसबाट कुनै उपलब्धि हासिल हुन सक्दैन । अतः कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन शोधको समस्याको रूपमा देखापर्नु स्वाभाविकै हो । यहाँ उक्त समस्यासँग सम्बन्धित निम्न लिखित समस्यालाई बुँदागत रूपमा उल्लेख गरिन्छ ।

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीको पठन बोध क्षमता के कस्तो छ ?

ख) भाषिक पृष्ठभूमि लैङ्गिकता विद्यालयको प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठन बोध क्षमता के कस्तो छ ?

ग) पठन बोध क्षमताको अभिवृद्धिका लागि के कस्ता उपायहरु बढी सान्दर्भिक हुन्छन् ?

## १.३ अध्ययनको उद्देश्य

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता पहिल्याउनु ।

ख) उक्त विद्यार्थीहरुको भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति आधारमा पठन बोध क्षमताको पहिचान गर्नु ।

ग) उक्त समूहबिच पठन बोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

घ) उक्त विद्यार्थीहरुको दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बिच पठन बोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषिक सिपका माध्यमबाट भाषा लिखित र मौखिक दुबै रूपलाई आर्जन गर्न सकिन्छ । भाषिक सिपमा दक्षता हासिल गर्ने क्रममा पढाइ सिपको विकास गर्न सकिन्छ । त्यसैले भाषिक सिपमा पठन बोध क्षमताको महत्वपूर्ण स्थान रहेको हुन्छ । विद्यार्थीहरुमा पठन बोध क्षमता कमजोर रहेको खण्डमा उनीहरुको अभिव्यक्ति क्षमतामा पनि त्यसको असर पर्ने हुन्छ । पठन बोध क्षमतामा हुने कमजोरीले केवल भाषिक सिप विकास मात्र नभएर अन्य विषयको ज्ञानार्जनमा पनि प्रभाव परेको हुन्छ । विद्यार्थीहरुमा पठन बोध क्षमतासम्बन्धी आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि गरिएको पाठ्यक्रमका उद्देश्यहरु पनि पुरा हुन सक्दैनन ।

अतः विद्यार्थीहरुको पठन बोध क्षमताको विकास गर्नका लागि पठन बोध क्षमताको अध्ययन अनुसन्धान गर्नु आवश्यक छ । त्यसकारण यहाँ झापा जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनबाट विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति के कस्तो छ, उक्त जिल्लामा कुन कुन पक्षहरुमा के कस्ता सुधारको आवश्यकता छ र पाठ्यक्रमले निर्धारण गरेका

उद्देश्यहरु के कति मात्रामा पूरा भएका छन् वा छैनन् आदि जस्ता कुराहरुको जानकारी प्राप्त हुनेछ । त्यसकारण यस अध्ययनबाट पाठ्यक्रमविद्हरुलाई उक्त पाठ्यक्रम सुधार एवं परिमार्जन गर्न पाठ्य पुस्तक लेखकलाई उद्देश्यमूलक एवं प्रभावकारी विषयवस्तु चयन गर्नमा, शिक्षकलाई विद्यार्थीको स्तर सापेक्ष स्तरीय रूपबाट शिक्षण विधि एवं प्रक्रियालाई अगाडि बढाउनमा र समग्र विद्यार्थीहरुको बोध क्षमतालाई बुझेर शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी व्यवस्थित एवं उद्देश्यपूर्ण बनाउन सहयोग पुग्नेहुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण हुनेछ ।

## १.५ अध्ययनका सीमाहरु

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसैले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमा नतोकिए अध्ययनले सही मार्ग पहिल्याउन सक्दैन । त्यसैले यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क) प्रस्तुत अध्ययनको तथ्याङ्क झापा जिल्लाका तिन सरकारी र तिन निजी विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुबाट मात्र लिइएको छ ।

ख) प्रत्येक विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीको अध्ययनमा सीमित गरिएको छ ।

ग) छनोट गर्दा ४६ छात्रा र ४४ छात्र, नेपाली मातृभाषी ५२, नेपाली दोस्रो भाषी ३८ जनालाई लिइएको छ ।

अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## २.१. पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित अगाडि आइसकेका अनुसन्धानहरुको सिंहावलोकन गर्नु आवश्यक छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्ण अध्ययनको विशेष महत्त्व रहन्छ । प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन भएकाले यसभन्दा पूर्व यस किसिमका पठन बोध सम्बन्धी अध्ययन कार्यहरु के कति भएका छन् भनी जानकारी हासिल गर्न नितान्त आवश्यक हुन्छ । यहाँ तिनै पठन बोध सम्बन्धी भएका अध्ययनलाई पूर्वकार्यको रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

घिमिरे (२०५६) द्वारा 'हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य पाठ्य पुस्तकमा दिइएका पाठहरुको कठिनाइ स्तर पहिल्याउने, भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता र क्षेत्रीयताका आधारमा उक्त पाठ्य पुस्तकको बोधगम्यताको स्थिति पहिल्याउने, पाठहरुको सरल र जटिलक्रम निर्धारण गर्ने र पाठमा प्रयुक्त कठिन शब्दहरुको पहिचान गर्ने रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनले पाठ्य पुस्तकमा समावेश गरिएका पाठहरुले विद्यार्थीहरुलाई ब्यावहारिक ज्ञान दिलाउन खोजिएको भए तापनि क्षेत्र र क्रम उपयुक्त नभएको वर्ण विन्यासगत त्रुटि अत्याधिक भएको बोधगम्यताको तुलना गर्दा उपत्यकाका छात्रछात्राहरुमा तात्विक भिन्नता नरहेको तराईका छात्र र छात्राहरुमा केही भिन्नता रहेको निष्कर्ष

निकालेको पाइन्छ । उक्त अध्ययन बोधसम्बन्धी भएकोले आफ्नो अध्ययन कार्यमा सहयोग पुऱ्याउने देखिन्छ ।

गौतम उपाध्याय (२०६०), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनको मूल उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको भाषिक पृष्ठभूमि लैङ्गिकता क्षेत्रगत र स्थानीयताका आधारमा समूहगत पठन बोध क्षमताको स्थिति पहिल्याउने र समस्या समाधानका निम्ति सुझाब दिने रहेको पाइन्छ ।

प्रस्तुत शोधकार्य मूलत क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको पाइन्छ । यो अध्ययन सल्यान र दाङ जिल्लाका १२ वटा सार्वजनिक विद्यालयका १२० विद्यार्थीहरुमा गरिएको देखिन्छ । पाँच अध्यायमा संगठित प्रस्तुत अध्ययनमा विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशतमा बदलेर तुनात्मक ढंगले व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

प्रस्तुत अध्ययनले विद्यार्थीको पठन बोध क्षमता निकै कमजोर रहेको, दृष्टांश पठन बोध क्षमताभन्दा अदृष्टांश पठन बोध क्षमता कमजोर रहेको, छात्राहरुको पठन बोध क्षमता कमजोर रहेको नेपाली दोस्रोभाषीका तुलनामा नेपाली मातृभाषीको पठन बोध क्षमता उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त अध्ययनले निजी विद्यालयका विद्यार्थीहरुलाई समेटन नसकेको देखिन्छ । उक्त अध्ययन पठन बोध सम्बन्धी भएकाले आफ्नो अध्ययन कार्यमा सहयोग मिल्ने देखिन्छ ।

पुरी (२०६०), द्वारा 'हाम्रो नेपाली किताब कक्षा ६ को बोधगम्यताको अध्ययन' शीर्षकको अध्ययनको उद्देश्य भाषिक पृष्ठभूमि , लिङ्ग, र स्थानीयताका आधारमा उक्त पाठ्यपुस्तकको बोधगम्यताको स्थिति पहिल्याउने, सम्बन्धित पाठहरुको सरल र जटिलक्रम निर्धारण गर्ने, पाठ्यक्रमको कठिनाइस्तर पत्ता लगाउने रहेको पाइन्छ ।

मूल रूपमा क्षेत्रीय सामग्री संकलन विधिमा आधारित यस अध्ययनमा काठमाडौं र इलाम जिल्लाका ग्रामीण तथा सहरीक्षेत्रबाट

गरी जम्मा १४ विद्यालयका १४० विद्यार्थीलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको पाइन्छ । विभिन्न ६ अध्यायमा विभाजित यस शोधमा काठमाण्डौ र इलाम जिल्लाका विद्यार्थीहरुको बोधगम्यताको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

यस अध्ययनले कक्षा ६ को किताब सबै क्षेत्र, लिङ्ग र भाषामा विद्यार्थीहरुका लागि बोधगम्यताका दृष्टिले समान नभएको, दोस्रो भाषिका लागि बढी कठिन भएको, छात्रका लागि भन्दा छात्राका लागि बढी कठिन भएको, सहरीक्षेत्रका लागि भन्दा ग्रामीण क्षेत्रका लागि बढी कठिन भएको पाठहरुको कठिनाइस्तर सरलदेखि जटिलक्रममा नरहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त अध्ययन बोधसँग सम्बन्धित भएकोले यहाँ उल्लेख गर्नु उचित हुन्छ ।

खनाल (२०६२), द्वारा 'काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा भएको पाइन्छ । प्रस्तुत अध्ययनको उद्देश्य काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता र विद्यालयको प्रकृतिका आधारमा पठन बोध क्षमता पहिल्याउनु रहेको छ ।

प्रस्तुत अध्ययनमा क्षेत्रीय सामग्री संकलन विधिको प्रयोग गरेको पाइन्छ । त्यस क्रममा प्रतिनिधि नमुना छनोटका लागि उपत्यका भित्रका तिन जिल्लाका १२ विद्यालयबाट १२० विद्यार्थीबाट आधारभूत सामग्री लिइएको पाइन्छ । पाँच अध्यायमा विभाजित यस अध्ययनमा विद्यार्थीहरुको प्राप्ताङ्कलाई प्रतिशत मध्यमानका आधारमा तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

उक्त अध्ययनले काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठन बोध क्षमता राम्रो रहेको, लिङ्गका आधारमा बराबर प्रतिशत रहेको नेपाली मातृभाषीको नतिजा उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ ।

खड्का (२०६४) द्वारा 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको छ । उक्त अध्ययनको उद्देश्य माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति र क्षेत्रगत आधारमा पठन बोध क्षमताको पहिचान गर्नु रहेको छ ।

उक्त अध्ययनमा स्थलगत अध्ययन र सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । यो अध्ययन रोल्पा र दाङ जिल्लाका छवटा विद्यालयमा अध्ययनरत १२० विद्यार्थीहरुको परीक्षणमा सीमित रहेको पाइन्छ । यसमा विद्यार्थीहरुको प्राप्ताङ्क प्रतिशत निकाली विभिन्न विद्यालयहरुमा गरिएका परीक्षणका नतिजालाई तालिकामा देखाई तुलनात्मक ढंगले व्याख्या विश्लेषण गरिएको छ ।

उक्त अध्ययनले समग्र विद्यार्थीको पठन बोध क्षमता सन्तोषजनक रहेको, छात्र र छात्राको पठन बोध क्षमता सार्थक अन्तर नरहेको निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता करिब समान रहेको, नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीबिच सार्थक अन्तर नरहेको निष्कर्ष निकालेको छ ।

अधिकारी (२०६४), द्वारा 'कक्षा ६ पुरा गरेका विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा भएको छ । यसको उद्देश्य कक्षा ६ पुरा गरेका विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पुरा भएको छ । यसको उद्देश्य कक्षा ६ पुरा गरेका विद्यार्थीहरुको स्थानीयता, भाषिक पृष्ठभूमि लैङ्गिकता विद्यालयको प्रकृतिका आधारमा पठन बोध क्षमताको पहिचान गर्नु, पठन बोध अभिबृद्धिका लागि उपायहरु पहिल्याउनु रहेको पाइन्छ ।

उक्त अध्ययन सर्वेक्षण विधिलाई आधार बनाई अगाडि बढाएको पाइन्छ । उक्त अध्ययन काठमाडौ उपत्यकाका पाँच निजी र पाँच सरकारी विद्यालयका १०० जना विद्यार्थीहरुमा सीमित रहेको पाइन्छ ।

यिनै विद्यार्थीहरुबाट आवश्यक तथ्याङ्कहरु संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषण प्राप्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरुका बिच तुलनात्मक विश्लेषण गर्नका लागि टी (T) परीक्षण लगायतका साङ्ख्यिकीय विधिहरुको समेत उपयोग गरिएको छ ।

उक्त अध्ययनले विद्यार्थीहरुको समग्र पठन बोध क्षमता सन्तोषजनक रहेको प्रतिशतका आधारमा दृष्टांश पठन बोध क्षमता उच्च र अदृष्टांश पठन बोध सन्तोषजनक रहेको नगरतर्फका विद्यार्थीहरुको पठन बोध क्षमता उच्च रहेको, छात्राहरुको पठन बोध क्षमता उच्च रहेको, निजी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता सन्तोषजनक रहेको र सार्वजनिक विद्यालयहरुको निराशजनक रहेको, नेपाली दोस्रोभाषी भन्दा नेपाली मातृभाषीहरुको पठन बोध क्षमता अधिक रहेको निष्कर्ष निकालेको देखिन्छ । उक्त अध्ययन पठन बोध सम्बन्धी भएकोले यस अध्ययन कार्यसँग सम्बन्धित देखिन्छ ।

पौडेल (२०६४) द्वारा लमजुङ्ग जिल्लाका 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा अध्ययन कार्य भएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको स्थानीयता, लैङ्गिकता, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि जातीयताका आधारमा पठन बोध क्षमता पहिचान गर्नु, उक्त समूह बिच पठन बोध नमुनाको तुलनात्मक विश्लेषण गर्नु र पठन बोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाब दिनु रहेको पाइन्छ ।

उक्त अध्ययनमा मूलतः सर्वेक्षण विधिलाई अपनाइएको पाइन्छ । यसमा लमजुङ्ग जिल्लाका ३ निजी र ३ सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई मात्र समावेश गरिएको थियो । प्रत्येक विद्यालयबाट १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीको अध्ययनमा सीमित गरिएको थियो । विद्यार्थीहरुको परीक्षणबाट प्राप्त

तथ्याङ्क संकलन गरी तालिकीकरणको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरी तथ्यको विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान निकाली मध्यमान र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरेको पाइन्छ ।

उक्त अध्ययनले समग्र विद्यार्थीहरुको पठन बोध क्षमता प्रतिशत र मध्यमानका आधारमा उच्च रहेको, समग्र दृष्टांश पठन बोध क्षमताभन्दा अदृष्टांश पठन बोध क्षमता कमजोर रहेको, गाउँकाभन्दा सहरका विद्यार्थीहरुको पठन बोध क्षमता उच्च रहेको, छात्राभन्दा छात्रको पठन बोध क्षमता उच्च रहेको, प्रतिशतका आधारमा सार्वजनिक विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ ।

पठन बोधसम्बन्धी अध्ययन विभिन्न तहमा भए तापनि धेरैजसो काठमाडौँ उपत्यकामा र अन्य सल्यान, दाङ, लमजुङ्ग, इलाम जिल्लामा भएको पाइन्छ । हालसम्म कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन नभएकोले अध्ययन महत्त्वपूर्ण ठहरिने छ । यस अध्ययनमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन विश्लेषण गरिने हुँदा अध्ययनको महत्त्व अझ बढ्ने देखिन्छ । हाल सम्म झापा जिल्लामा यस्ता अध्ययन नभएका र यस क्षेत्रका विद्यार्थीहरुको पठन बोध क्षमता थाहा पाउन सकिएको छैन । त्यसकारण यस अध्ययनले झापा जिल्लाका विद्यार्थीहरुको पठन बोध क्षमता पहिचान गर्ने, निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमताको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गर्ने र पठन बोध क्षमताको अभिवृद्धिका लागि सुझाब दिने भएकोले यो अध्ययन गर्नु औचित्यपूर्ण ठहर्दछ ।

## २.२ अनुसन्धानमा पूर्वकार्यको उपयोगिता

अनुसन्धान कर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरु त्यसभन्दा अगाडि के कस्ता खोज, अनुसन्धान र लेखनकार्य भएका छन् तिनीहरुलाई पूर्वकार्य भनिन्छ । यसरी अनुसन्धान कर्ताले आफूले गर्न लागेको अनुसन्धानकार्यलाई पूर्वकार्यसँग तुलना गरेको विशिष्ट मौलिक र नवीन एवम् औचित्य सावित गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ । यसका अतिरिक्त अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य कतिको नयाँ वा पुरानो हो, कतिको महत्वपूर्ण वा महत्वहीन छ भन्ने कुराको जानकारी पाइन्छ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा महत्त्वपूर्ण अङ्ग हो । त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने समस्याको वास्तविक पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने, अनुसन्धानको विषय छनोट बारे सुरु भएर अन्त्यसम्म नै महत्त्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्यपद्धतिको निरुपण गरेर अनुसन्धेय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक विशिष्ट र नवीन बनाउनको लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्य रहन्छ (न्यौपाने २०६७ : ८६)

यस अनुसन्धान कार्यका लागि यससँग सम्बन्धित यसभन्दा अगाडिका अनुसन्धानकर्ताहरुको अनुसन्धानले पूर्वकार्यको रूपमा सहयोग प्रदान गर्दछ । जस्तै : खड्का (२०६४) द्वारा 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा स्थलगत र सर्वेक्षण विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । उक्त अध्ययनले समग्र विद्यार्थीको पठन बोध क्षमता सन्तोषजनक रहेको,

छात्र छात्राको पठन बोध क्षमतामा सार्थक अन्तर नरहेको निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता करिब समान रहेको नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थी बीच सार्थक अन्तर नरहेको निष्कर्ष निकालिएको यस अनुसन्धानले पूर्वकार्यको रूपमा यस शोधकार्यलाई सहयोग गरेको छ । त्यस्तै अधिकारी (२०६४) द्वारा 'कक्षा छ पुरा गरेका विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको छ । उक्त अध्ययनले नगर तर्फका विद्यार्थीहरुको पठन बोध क्षमता उच्च रहेको छात्राहरुको पठन बोध क्षमता उच्च रहेको, निजी विद्यालयमा विद्यार्थीहरुको पठन बोध क्षमता सन्तोषजनक रहेको र सार्वजनिक विद्यालयको निराशजनक रहेको, नेपाली दोस्रो भाषीभन्दा नेपाली मातृ भाषीहरुको पठन बोध क्षमता अधिक रहेको निष्कर्ष निकालिएको यस अनुसन्धानले पूर्वकार्यको रूपमा यस शोधकार्यलाई सहयोग गरेको छ । त्यसैले अनुसन्धान कार्यलाई पूर्ण रूपमा सफल बनाउन पूर्वकार्यको उपयोगिता रहन्छ ।

## २.३ सैद्धान्तिक /धारणात्मक रूपरेखा

### २.३.१ बोधको परिचय

बोध शब्द बुध धातुमा ञ प्रत्यय लागेर बनेको हो, जसको अर्थ हुन्छ "बुझ्नु" । कुनैपनि लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर मूल आशय पहिल्याउनु बोधको कार्य हो । बोध भाषाको आदानात्मक सिप अन्तर्गत पर्दछ । कुनै कुरा व्यक्त गर्नुभन्दा पहिले सो कुरा बुझ्नु पर्ने भएकाले बोधलाई पूर्व सर्तका रूपमा लिनुपर्ने हुन्छ किनभने व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनभन्दा पहिले बोध क्षमताको विकास हुन थालेको हुन्छ । तसर्थ बोध बुझ्ने सोच्ने र स्मरण गर्ने कार्य हो । बोधलाई निम्न लिखित परिभाषामा समेट्ने प्रयास गरिएको छ ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यतः सुनेका र पढेका सामग्रीहरुको अर्थ बुझाइ भएपनि व्यापक रूपमा कुनै मौखिक लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो (शर्मा र पौडेल २०६० :१०७)

बोधको मुख्य तात्पर्य वक्ताले लेख्य वा कथ्य रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बन्ध छ । त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ (पराजुली २०४९ :११)

सुनेर पढेर हेरेर कुनै कुरा बुझ्ने काम वा क्षमता, ज्ञान अनुभव समक्ष सोच, सम्झना, अनुभूति आदिलाई बोधका रूपमा अर्थ्याउन सकिन्छ ( प्रनेश २०६१ :७३०) ।

सामान्य अर्थमा बोध भन्नाले भाषा शिक्षण सिकाईका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइ हो भन्न सकिन्छ । बोधका लागि पूर्वानुभव र लिपिबद्दतासँगको मात्र सम्बन्धित नभई अभिव्यक्त विचारसँगको पूर्वानुभव समेत बोद्धामा केही केही रूपमा हुनु आवश्यक मानिन्छ । यसरी बोध शब्दलाई बुझ्ने क्षमता, समझ, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच, अनुभूति, समझशक्ति, भाषिक क्षमताको विकास, सचेत तथा पूर्णरुपले बुझ्ने क्षमता, दिमागी कार्य, ग्रहण शक्ति आदिका रूपमा लिइएको पाइन्छ । यस अध्ययनमा बोध शब्द पठन बोधसँग सम्बन्धित रहेकाले लिपिबद्ध रूपमा उतारिएको भाषिक सामग्रीलाई गम्भीर रूपमा अध्ययन गरी त्यसको मूलमर्म, भाव ग्रहण गर्न सक्ने खुबी वा क्षमतालाई बोध भनिन्छ ।

## २.३.२ बोधका प्रकार

### क) श्रुतिबोध

श्रुतिबोध श्रवणकला विकासको महत्त्वपूर्ण आधार हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुने भएकाले श्रुतिबोध क्षमता विकास भाषा शिक्षणको प्रमुख आधार विन्दु मान्न सकिन्छ । यसले वक्ताको मौखिक

अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्छ । भाषाका प्रमुख पक्ष बोध र अभिव्यक्ति मध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ । श्रुतिबोधलाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा लिइन्छ । बोध विहीनको श्रुतिलाई वास्तविक सुनाइ भन्न मिल्दैन । श्रुतिबोध मौखिक भाषाको बोध भएकाले यसमा आवश्यकता अनुसार वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, लय, आघात जस्ता भाषिकेत्तर तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने कोसिस गर्नुपर्छ । श्रुतिबोध विनाको अभिव्यक्तिमा अर्थको अनर्थ लाग्ने, विचारलाई प्रभावकारी ढङ्गले व्यक्त गर्न नसकिने, एउटै कुरा पटक पटक दोहोरिन जाने हुँदा अभिव्यक्ति दिनुभन्दा पहिला वक्ताले भनेका कुरालाई राम्रोसँग सुनेर बुझ्ने कोसिस गर्नुपर्छ । श्रुतिबोधमा देखापर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ बोलाइ अझ काम गराइमा समेत गलत असर पर्न जाने हुन्छ । यसको राम्रो विकासले बोलाइ र सोचाइ मात्र नभएर पढाइ र लेखाइ जस्ता अन्य सिपहरुमा पाइने कतिपय कमजोरी हटाउन र ती सिपहरुको विकासमा आवश्यक हुने भाषिक क्षमतागत पृष्ठभूमि तयार पार्न निकै सघाउ पुग्दछ ।

प्रारम्भिक कक्षाहरुमा विद्यार्थीहरुको ज्ञानार्जनको एकमात्र महत्त्वपूर्ण माध्यम श्रुतिबोध नै हो भने माथिल्ला कक्षाहरुमा पठन बोधको माध्यमबाट पनि ज्ञानार्जन गर्न सकिनेहुँदा यस प्रतिको निर्भरता घट्दै जान्छ तर पनि श्रुतिबोधको महत्त्व र आवश्यकता भने कुनै न कुनै रूपमा रहिरहन्छ । माथिल्ला कक्षाहरुमा कथ्य भाषाको श्रुतिबोध क्षमताको विकास गर्नुमात्र प्रर्याप्त हुँदैन । लेख्य भाषाको श्रुतिबोध क्षमताको समेत विकास गर्नु आवश्यक हुन्छ अर्थात् लिखित सामग्रीको सस्वर वाचन सुनेर बुझ्न सक्ने क्षमताको खाँचो पर्दछ ।

विद्यार्थीहरुमा श्रुतिबोध क्षमताको विकासका लागि उनीहरुको रुचि क्षमता एवम् स्तरका आधारमा विभिन्न किसिमका कथा कथांश, चुट्किला, रोचक प्रसङ्गहरु तथा अन्य अंशहरुको संकलन गरी उपयोग

गर्न सकिन्छ । श्रुतिबोध विकासका लागि उपयोग गरिने सामाग्रीहरु प्रामाणिक स्तरनुकूल रुचिपूर्ण ज्ञानबर्धक अनुकूल ढाँचामा आधारित हुनुपर्दछ ।

समग्रमा के भन्न सकिन्छ भने श्रुतिबोध भाषा शिक्षणको आधारशीला हो र ज्ञानविज्ञानको आधारभूत माध्यमपनि हो । विद्यार्थीको वैयक्तिक र सामाजिक विकासको दृष्टिकोणले पनि यो निकै महत्त्वपूर्ण पक्ष हो । यस सम्बन्धी कमजोरीले विद्यार्थीको बोलाइ, पढाइ वा भाषा विकासको समग्र पक्षमा समेत नराम्रो असर पर्न सक्ने हुन्छ । अतः श्रुतिबोधलाई भाषा विकास एवम् ज्ञान विकासको अपरिहार्य अङ्गका रूपमा स्थान दिनुपर्छ ।

**ख) पठन बोध**

लिपिबद्ध भाषामा उतारिएका ज्ञान एवं सूचनालाई पाठकले पढेर बुझ्नु नै पठन बोध हो । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्नुलाई नै पठन बोध भनिन्छ । पठन बोध आँखा दृश्यात्मक प्रतीक (अक्षर शब्द पदावली वाक्य आदि) र अर्थानुसन्धान यी तीन कुराको एकैसाथ संलग्नता रहने हुँदा पठन बोधलाई एक जटिल एवं चुनौतिपूर्ण मानसिक कार्य भन्न सकिन्छ । पठन बोधलाई एक जटिल एवम् चुनौतिपूर्ण मानसिक कार्य भन्न सकिन्छ । पठन बोध गर्ने क्रममा पाठकले अक्षर शब्द पदावली र वाक्यको पहिचान आफ्ना अनुभवको आधारमा तिनको संगठन र आफ्नो बोध क्षमताको आधारमा तिनको अर्थ लगाउने कार्य गर्दछ । लिखित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्वहरुलाई पाठकले एक साथ आफ्नो मस्तिष्कमा धारण गर्दछ ।

पठन बोध कुनै भाषिक व्यवस्था अन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्वपूर्ण सिप हो । बोध बिनाको पढाइको प्रयोजन शून्य हुन्छ । पठन बोधमा भाषिक व्यवस्था अनुसार शब्दहरुको

अर्थ निर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको व्यापक ढाँचालाई सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरुको प्रक्रियामा सर्वप्रथम आँखा र मस्तिष्कका सहायताले कुनैपनि वस्तुको ग्रहण गर्ने काम हुन्छ । त्यसपछि मस्तिष्कमा त्यसको अर्थ निर्माण भई प्रतीकबाट बोध हुन्छ ।

पठन बोध लिपिबद्ध भाषामा सञ्चित गरेर ज्ञानभण्डार गर्ने महत्त्वपूर्ण उपाय भएकाले उक्त प्रयोजनका लागि समुचित मात्रामा उपयोगी बनाउन यसलाई शिक्षार्थीले सिप अफ कलाको रूपमा हासिल गर्नुपर्ने हुन्छ । शिक्षार्थीको भाषा विकासको समग्रतामा पनि पठन बोधको प्रभावकारी भूमिका रहन्छ । पठन बोध क्षमताको विकासको लागि केवल कक्षामा गराइने कार्यकलापहरु मात्र पर्याप्त हुँदैनन् । यसका लागि विद्यालयीय वातावरणको प्रभावकारिता (पुस्तकालय वाचनालय) को प्रशस्त महत्त्व रहन्छ । यसका साथै पठन बोध क्षमता अभिवृद्धिका लागि विद्यार्थीको अभिरुचि तथा क्षमता अनुरूपका पाठ्य सामग्रीको उत्पादन र पढ्ने वातावरणको आवश्यक हुन्छ । अतः पठन बोध क्षमताको विकासका लागि विद्यालयका अवसरहरुका साथै विद्यालयबाहिरका विभिन्न अवसरहरु उपलब्ध गराउन सकेमा अफ प्रभावकारी हुन्छ ।

पठन बोधको उत्कृष्ट रूप मौन पठन र त्यसको केन्द्रीय तत्व पठन बोध हो (शर्मा र पौडेल २०६७ : १०७) । यसको विकासले नै शिक्षार्थीको ज्ञान एवम् अनुभव विस्तार हुने तथा पूर्वानुभव एवम् पूर्वज्ञानलाई परिस्कार गरी नयाँ-नयाँ दृष्टिकोण तथा सृजनात्मक क्षमताको विकासमा समेत सहयोग पुग्ने देखिन्छ । यसरी शिक्षार्थीको शैक्षिक विकासमा मात्र नभएर सर्वाङ्गीण विकासमा समेत पठन बोधको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### २.३.३ पठन बोधका चरणहरु

पठन बोध क्षमताको प्रारम्भिक चरणमा भन्दा उत्तरवर्ती चरणमा अभ्यास एवं अनुभवका कारण पाठकको पठन बोध क्षमतामा बढी परिपक्वता देखा पर्छ । प्रारम्भिक चरणमा शिक्षार्थीहरु सस्वरपठनद्वारा पठन बोध क्षमताको विकासतर्फ उन्मुख हुन्छन भने उत्तरवर्ती चरणमा मौनपठनद्वारा पठन बोध क्षमताको विकास हुन्छ । पढाइको पहिलो एकाइका अक्षर शब्द र पदावलीलाई लिइन्छ । यस क्रममा सुरुको पढाइको गति र यति दुबै न्यून हुने र क्रमशः वाक्य स्तरमा पुग्दा वृद्धि हुने गर्दछ ।

पढाइको सुरुवातको अवस्थामा रहेका विद्यार्थीहरुको तुलनामा उत्तरवर्ती चरणमा प्रवेश गरेका विद्यार्थीको पठन बोध क्षमता निकै उच्च रहन्छ । सुरुमा विद्यार्थीले पढाइको एकाइ अक्षरलाई बनाउँछन् भने अभ्यस्त हुँदै गएपछि शब्दलाई पनि पढाइको एकाइ बनाउने गर्दछन् । क्रमशः अक्षर शब्द हुँदै पदावली र वाक्यसम्मका पढाइमा विस्तार हुँदै पठन बोध क्षमताको विकास हुँदै जान्छ । पठन बोधका चरणलाई निम्न लिखित रूपमा उल्लेख गर्न सकिन्छ ।

**क) पहिचान**

पठन बोधको प्रथम चरणका रूपमा पहिचानलाई लिन सकिन्छ । यस चरणमा विद्यार्थीहरुले शब्दलाई पनि अक्षर अक्षरमा छुट्याएर पढ्ने गर्दछन । विद्यार्थीहरु शब्दलाई विस्तारै विस्तारै दोहोऱ्याएर पढ्ने गर्दछन । उनीहरु कतिपय ठाउँमा वर्णविन्याससँग अपरिचित भएकाले पढ्ने क्रममा बिचबिचमा अडिने गर्दछन । शिक्षार्थीहरुको पठन बोधका दृष्टिले पहिचान प्रारम्भिक चरण अन्तर्गत राख्न सकिन्छ ।

**ख) सङ्गठन**

पठन बोध क्षमताको विकासका दृष्टिले पहिचान भन्दा विकसित चरणका रूपमा यस चरणलाई लिन सकिन्छ । यस चरणमा आइपुग्दा विद्यार्थीहरु अक्षर र शब्दको पहिचान मात्र नभएर वाक्यमा प्रयुक्त शब्दहरुको अन्तरसम्बन्ध पनि बुझ्न थाल्छन । यस चरणमा एक अर्का शब्द पदावली एवम् वाक्यको परस्पर आबद्धतालाई पहिल्याउँदै पढ्न थाल्छन् । उनीहरु पढ्दा आवश्यक हुने गति, यति नियमलाई खोजी गरी सोही अनुसार पढ्न सक्छन । वाक्यमा पदक्रम मिलेको रहनेछ भने त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्छन् । पठन बोधका दृष्टिले यस चरणलाई मध्यम चरणमा राख्न सकिन्छ ।

**ग) अर्थानुसन्धान**

अर्थानुसन्धान पठन बोध क्षमता विकासको अन्तिम चरण हो । विद्यार्थीहरुमा पहिचान र संगठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ । बढी अभ्यास र अनुभवद्वारा खटिएका पाठक नै यस चरणमा हुने भएकाले जटिल एवं बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति, यति लय मिलाएर सस्वर वा मौनवाचन गरी विषयवस्तुको मूल मर्मलाई बुझ्न सक्षम हुन्छन् । यस कारण पठन बोध क्षमताको दृष्टिले यस चरणलाई उच्च चरण अन्तर्गत राख्न सकिन्छ ।

### २.३.४ पठन बोध शिक्षणको प्रयोजन

१) कुनै लिखित सामग्रीलाई पढी उक्त सामग्रीबाट अभिव्यक्तिगत तथ्य, विचार वा भाव पक्रेर आफ्नो प्रतिक्रिया दिन सक्ने क्षमताको विकास गर्न ।

२) लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ।

३)	पाठमा व्यक्त गरिएका विषयवस्तुहरुको सही अर्थ लगाई पढ्न ।

४)	विविध विषयको जानकारीका लागि विभिन्न साहित्यिक विधाहरु विश्लेषण गर्न सक्ने गरी पढ्न ।

५)	विविध ज्ञान विज्ञान तथा व्यवसायिक क्षेत्र सम्बद्ध भाषाका विशिष्ट पद पदावली वाक्य रचना र अभिव्यक्तिगत विशेषताहरुसँग परिचित गराइ तिनको सूक्ष्मताको बोध गर्ने क्षमताको विकास गर्न ।

६)	लिखित सामग्रीबाट मुख्य मुख्य कुराहरु बुझ्ने गरी पढ्न ।

७)	विभिन्न विषयहरु पढी शब्दभण्डारको वृद्धि गर्न ।

८)	अभिव्यक्तिगत शैली विविधताको पहिचान गर्न ।

९)	पठित शब्दहरुको उपयुक्त किसिमले प्रयोग गर्न ।

१०)	विद्यार्थीहरुमा स्वाध्ययन क्षमताको बानी बसाली ज्ञानभण्डारको वृद्धि बौद्धिक तथा व्यक्तित्व विकास गर्न

## २.३.५ पठन बोध शिक्षणका कार्यकलापहरु

**क)	मुख्य विचार बुझ्ने :**

यो कार्यकलाप गराउँदा सर्वप्रथम शिक्षकले विद्यार्थीहरुलाई कुनैपनि पाठ्य सामग्री उनीहरुलाई नै पढ्न दिने केहीबेर पछि उक्त पाठ्य सामग्रीको मुख्य विचार उनीहरुलाई नै भन्न लगाउने । यस्तो प्रक्रियाबाट पनि विद्यार्थीहरुमा पठन बोध क्षमताको विकास हुन्छ ।

**ख)	पाठ्य सामग्रीको प्रतिक्रिया दिन लगाउने**

यो कार्यकलापमा शिक्षकले विद्यार्थीहरुलाई कुनै पाठ्य सामग्री पढ्न दिएर त्यस पाठ्य सामग्रीमा भएको तथ्य

कुराहरुको प्रतिक्रिया दिन लगाउँदा विषयवस्तु भाषाशैली र व्याकरणका कुराहरुमा आधारित भएर दिने गराउने बानीको विकास गर्न सकिएमा उनीहरुमा बुझेर पढ्ने बानीको विकास हुन्छ ।

**ग) प्रश्नपत्रहरु निर्माण गर्न लगाउने :**

विद्यार्थीहरुलाई पाठ्य पुस्तकका कुनै पाठ पढ्न दिएर वा कुनै अनुच्छेद पढ्न दिएर त्यस पाठ वा अनुच्छेदबाट प्रश्न निर्माण गर्न लगाउने गरिएमा यसबाट पनि उनीहरुमा पठन बोधको विकास हुन्छ ।

**घ) प्रश्न गरेर :**

कुनै एउटा अनुच्छेद दिएर त्यसबाट विभिन्न प्रश्नहरु सोधेर पठन बोधको विकास गर्न सकिन्छ ।

**ङ) टिपोट गर्ने :**

यो कार्यकलापमा विद्यार्थीहरुलाई कुनै अनुच्छेद पढ्न दिएर त्यस अनुच्छेदको भाव अभिप्राय जस्ता मुख्य मुख्य कुराहरु टिपोट गर्न लगाइन्छ । त्यसपछि ती टिपोट गरिएका कुराहरु सुनाउन लगाइन्छ । यस्तो अभ्यास गराउनाले पढेका कुरा बुझ्ने बानीको विकास हुन्छ ।

**च) समीक्षा गर्न लगाएर :**

पाठ्य पुस्तकका कतिपय पाठका विषयवस्तुहरु पनि विवादास्पद हुन सक्छन् । यस्ता सामग्रीहरु शिक्षकले छानेर विद्यार्थीहरुलाई समीक्षा गर्न लगाउनाले पठन बोध क्षमताको वृद्धि हुन्छ ।

## २.३.६ पठन बोधमा प्रभाव पार्ने तत्त्वहरु

पठन बोध क्षमता कुनै खास तह वा कलाका सबै विद्यार्थीहरुमा समान रूपमा विकास भएको हुँदैन । पठन बोध

क्षमताको विकासमा विभिन्न प्रभावक तत्वहरुले प्रभाव पारेका हुन्छन् । जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) पाठ्य सामग्रीको छनोट**

पठन बोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्वका रूपमा पाठ्य सामग्रीको छनोटलाई लिन सकिन्छ । पाठ्य सामग्रीबाट पठन बोध क्षमता जाँचको लागि दृष्टांश र अदृष्टांश पाठ्य सामग्रीको छनोट गर्न सकिन्छ । पाठ्य सामग्रीको छनोट गर्दा विद्यार्थीको रुचि चाहना, आवश्यकता क्षमता एवम् स्तर अनुकूल हुनुपर्दछ । अन्यथा विद्यार्थीहरुको पठन बोध क्षमताको उचित विकास हुन सक्दैन । दृष्टांश सामग्रीहरुको छनोट गर्दा सम्बन्धित तह वा कक्षाका पाठ्यक्रमबाट अथवा यसभन्दा अघि सम्म अध्ययन भइसकेका पाठ्य पुस्तकबाट तयार गरिन्छ भने अदृष्टांश पाठ्य सामग्रीको छनोट गर्दा सम्बन्धित पाठ्यपुस्तक बाहेकका दैनिक पत्रपत्रिका, लेख निबन्ध, विज्ञापन समाचारपत्र अन्य पुस्तकहरु जस्ता छनोट गरिन्छ । पठन बोधका लागि सामग्री छनोट गर्दा पठ्य भन्दा गद्य, काल्पनिक भन्दा तथ्यपरक, भावुक भन्दा बौद्धिक एवम् सृजनात्मक जस्ता कुरामा ध्यान दिनुपर्छ । उपयुक्त कुराहरुलाई वेवास्ता गरी सामग्रीको छनोट गरिएमा विद्यार्थीहरुको वास्तविक पठन बोध क्षमताको मापन नहुने हुँदा सामग्री छनोटलाई यस किसिमको अध्ययनमा महत्वपूर्ण प्रभावक तत्वका रूपमा लिन सकिन्छ ।

**ख) वातावरण :**

पठन बोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्वका रूपमा वातावरणलाई लिन सकिन्छ । विद्यार्थीहरुले पढेका कुरा कोलाहलयुक्त होहल्ला तनावपूर्ण एवं सङ्कुचित वातावरणको

तुलनामा शान्त स्वच्छ एवं खुल्ला वातावरणमा बढीभन्दा बढी स्मरण गर्दछन । अनुकूल वातावरणको अभावमा पढेको कुरा बोध गर्न असम्भव हुने र बोध बिनाको पढाइ अर्थहीन हुने हुनाले विद्यार्थीहरुलाई अनुकूल एवं उचित वातावरणको आवश्यकता पर्ने हुन्छ । तसर्थ अनुकूल वातावरण नै विद्यार्थीहरुलाई पढाइप्रति उत्सुकता जगाउने प्रभावकारी प्रेरक तत्त्व भएकोले पठन बोध क्षमताको विकासमा वातावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

**ग) विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था**

कुनैपनि विद्यार्थीको पठन बोध क्षमता सन्तोषजनक हुनका लागि उक्त विद्यार्थी शारीरिक मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ हुनुपर्दछ । कुनैपनि विषयवस्तु पढेर सारा कुरा ग्रहण गर्नका लागि शारीरिक मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ विद्यार्थी जति बढी मात्रामा सक्छ त्यति अन्धा बहिरा अपाङ्ग एवम् मानसिक सन्तुलन ठीक नभएका विद्यार्थीहरुले नसक्न सक्छन् । शारीरिक दुर्बलताका कारण कतिपय अवस्थामा विद्यार्थीहरुलाई हीनताबोध पढाइप्रति मन नजाने र पढेको कुरा पनि सम्झन नसक्ने जस्ता समस्या देखिन्छन् । त्यसै गरी संवेगात्मक विचलन जस्तै डर त्रास चिन्ता रिस आवेग आदि तत्त्वहरुले विद्यार्थीहरुमा जरो गाडेपछि पनि उनीहरुले पढेका कुराहरु सम्झन नसक्ने हुन्छन् । तसर्थ पठन बोध क्षमता विकासका लागि विद्यार्थी शारीरिक मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ एवं सन्तुलित हुनु आवश्यक देखिन्छ ।

**घ) अभ्यास**

पठन बोध एक किसिमको सिप हो । सिपलाई जतिबढी अभ्यास गऱ्यो त्यति नै बढ्दै र परिष्कृत हुँदै जान्छ । यसको विपरीत प्राप्त आदत वा सिपलाई जति उपयोगमा ल्याउन छाड्यो उति त्यो कुण्ठित हुँदै सीमित भएर वा हराएर जान पनि सक्छ । तसर्थ पठन बोध पनि एक किसिमको सिप भएकोले अभ्यासलाई जति बलियो पार्दै गयो त्यति नै पढेका कुरा बुझ्ने क्षमता पनि बलियो हुन्छ । विद्यार्थीहरुलाई जति बढी मात्रामा पाठ्यपुस्तक, साहित्य, पत्रपत्रिका, लेखरचना जस्ता सन्दर्भ सामग्रीहरुमा निरन्तर अभ्यास गराउँदै लैजान सक्यो त्यति नै बढी मात्रामा पढाइप्रति अभिरुचि बढ्दै जाने र मुख्य कुरा ग्रहण गर्ने क्षमता बलियो हुने हुँदा पठन बोध विकासका लागि अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## अनुसन्धान विधि

### ३.१. अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धान औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा सोही विषयसँग सम्बन्धित विधिको उपयोग गरिएको हुन्छ । प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यो अध्ययन विद्यार्थीसँग सोभ्कै सम्बन्धित भएकाले उनीहरुलाई नै केन्द्रविन्दु मानी सर्वेक्षण विधिलाई मूलभूत रूपमा अपनाएर अगाडि बढाइएको छ । यस अध्ययनमा प्रयोग गरिएका विधि तथा प्रक्रियाको रूपरेखालाई तल प्रस्तुत गरिएको छ ।

### ३.२ जनसङ्ख्या तथा नमुना

प्रस्तुत अध्ययनमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुलाई जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । विविध कारणले झापा जिल्लाभरिका सम्पूर्ण विद्यालयलाई समेटन नसकिने हुँदा विर्तामोड, कनकाई, शनिअर्जुन नगरपालिकाका तिन निजी र तिन सरकारी विद्यालयलाई छनोट गरिएको छ ।

### ३.३ नमुना छनोट विधि

प्रस्तुत अध्ययनलाई बढी विश्वसनीय र भरपर्दो बनाउनका निम्ति प्रतिनिधि नमुनाको छनोट उपयोगमा लिइएको छ । नमुना छनोटका क्रममा झापा जिल्लाको विर्तामोड नगरपालिका-२ को सरकारी विद्यालयबाट ८ जना छात्रा ७ जना छात्र गरी १५ जना र यसै नगरपालिकाको निजी विद्यालयका ६ जना छात्रा र ९ जना छात्रा गरी जम्मा १५ जनालाई लिइएको छ । कनकाई नगरपालिकाका सरकारी विद्यालयबाट १० जना छात्रा ५ जना छात्र गरी १५ जना र यसै नगरपालिकाको निजी विद्यालयका ६ जना

छात्रा र ९ जना छात्र गरी जम्मा १५ जना लिइएको छ । शनिअर्जुन नगरपालिकाका सरकारी विद्यालयबाट ७ जना छात्रा ८ जना छात्र गरी १५ जना र यसै नगरपालिकाको निजी विद्यालयका ७ जना छात्रा र ८ जना छात्र गरी जम्मा १५ जनालाई लिइएको छ । यसरी प्रस्तुत अध्ययनमा ६ वटा माध्यमिक विद्यालयका ९० जना विद्यार्थीहरु मध्ये ४४ जना छात्रा र ४६ जना छात्र रहेका छन् ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

यस अनुसन्धानको लागि प्राथमिक स्रोतका रूपमा अुच्छेदसँग सम्बधित प्रश्न, क्लोज प्रश्न रहेका छन् । द्वितीय स्रोतका रूपमा कक्षा सातको पाठ्य पुस्तक, शिक्षक मासिक पत्रिका, नेपाली साहित्य वाटिकाबाट प्रश्न बनाउनका लागि सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधन

यस अध्ययनको तथ्याङ्क सङ्कलनको साधन परीक्षालाई लिइएको छ । पठन बोध पहिचानका लागि दृष्टांश अदृष्टांश विभिन्न अनुच्छेदबाट प्रश्न निर्माण गरी विद्यालयमा गएर विद्यार्थीलाई निश्चित समयमा लेख्न लगाएर त्यसको परीक्षण गरी तथ्याङ्क लिइएको छ । यसरी यस अध्ययनले मूल रूपमा तथ्याङ्क सङ्कलनको साधन परीक्षालाई नै लिइएको छ ।

## ३.६. तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनको लागि कक्षा सातको नेपाली पाठ्य पुस्तकमा भएको कथा र निबन्ध विधिबाट अनुच्छेद लिएर प्रश्न निर्माण गरिएको छ । त्यस्तै नेपाली साहित्य वाटिका र शिक्षक मासिक पत्रिकाबाट पनि प्रश्न निर्माण गरिएको छ । तयार गरिएका सामग्रीहरु (प्रश्नहरु) लाई विश्वसनीय वैध स्तरयुक्त र परिष्कृत बनाउन पूर्व परीक्षण गरिएको छ ।

क) **नमुना छनोट :** अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि झापा जिल्लाका विर्तामोड न.पा., कनकाई न.पा. र शनिअर्जुन नगरपालिकाका ३ सरकारी र ३ निजी विद्यालयका १५/१५ विद्यार्थीहरु गरी जम्मा ९० जना विद्यार्थीहरुलाई छनोट गरिएको छ ।

ख) **पूर्वपरीक्षण :** शोध निर्देशक तथा सम्बन्धित विषय विशेषज्ञबाट आवश्यक सल्लाह लिई तयार पारेका प्रश्नहरुलाई नमुना छनोट विद्यार्थीमध्ये २० जना विद्यार्थीहरुमा परीक्षण गरिएको छ । विद्यार्थीहरुले दिएको उत्तर परीक्षण गर्दा धेरै जनाको ९० प्रतिशत भन्दा बढी देखिएकाले प्रश्नपत्रलाई सुधार गरिएको छ ।

ग) **अन्तिम परीक्षण :** विद्यार्थीको उत्तर पुस्तिका परीक्षण गर्दा प्रश्नहरु अति सरल भएकोले प्रश्नहरुलाई सरल र कठिनको स्तर मिलाई शोध निर्देशक, विषय विज्ञको सल्लाह अनुसार प्रश्नपत्रहरुलाई अन्तिम रूप दिइएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषणका लागि उत्तर पुस्तिका परीक्षणबाट दृष्टांश र अदृष्टांशसँग सम्बन्धित प्रश्नका उत्तरको छुट्टाछुट्टै अङ्क गणना गरिएको छ । सम्पूर्ण प्राप्ताङ्कलाई भाषिक पृष्ठभूमि, लिङ्गगत विद्यालयको प्रकृतिका आधारमा वर्गीकरण गरी तालिकाको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरिएको छ । तथ्यको विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्क प्रतिशत निकाली तुलनात्मक रूपले व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस शोधकार्य अन्तर्गत प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरुको पठन बोध क्षमताको व्याख्या तथा विश्लेषण गर्ने क्रममा छनोटमा परेका प्रत्येक विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्क र प्राप्ताङ्क प्रतिशत दृष्टांश र अदृष्टांश पठन बोध क्षमताको स्थिति, विद्यार्थीहरुको समूहगत रूपमा दृष्टांश र अदृष्टांश पठन बोध क्षमताको स्थिति, विद्यालयको प्रकृति, लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमताको स्थितिलाई प्राप्ताङ्क प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय तिनमा वर्णन गरिएको अनुसन्धान विधिको आधारमा झापा जिल्लाका विभिन्न ठाउँका ३ निजी र ३ सरकारी विद्यालयका जम्मा ९० जना विद्यार्थीहरुबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनको व्याख्या र विश्लेषणलाई बढी विश्वसनीय तथा मापनीय बनाउनका लागि उक्त कक्षाको नेपाली किताबको पाठभित्रबाट विभिन्न खालका बोध प्रश्नहरुको माध्यमबाट परीक्षा लिइनुका साथै प्रत्येक विद्यार्थीको दृष्टांश र अदृष्टांश पठन बोधको प्राप्ताङ्क छुट्टाछुट्टै राखिएको छ । पाठ भित्रबाट सोधिएका प्रश्नलाई दृष्टांश र पाठ बाहिरबाट सोधिएका प्रश्नलाई अदृष्टांश भनिएको छ । तालिकीकरणद्वारा विद्यार्थीहरुको लैङ्गिक स्थिति भाषिक स्थितिको प्राप्ताङ्क र प्रतिशतलाई देखाइएको छ । कक्षा सातमा

अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन विश्लेषण निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.२.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

#### क) समग्र स्थिति

माथि दिएको तालिकाबाट यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता कस्तो छ भन्ने कुरा देखिन्छ । दृष्टांशबाट २५ पूर्णाङ्क र अदृष्टांशबाट २५ पूर्णाङ्क गरी जम्मा ५० पूर्णाङ्कको प्रश्न निर्माण गरी परीक्षा लिइएको छ । यस विद्यालयका विद्यार्थीहरुले दृष्टांश र गद्यांशबाट सबैभन्दा कम अंक ल्याउनेले ८ अंक प्राप्त गरेको छ । जसको प्राप्ताङ्क प्रतिशत ३२ रहेको छ । बढी अंक ल्याउनेले २३ अंक अर्थात् ९२ प्रतिशत अंक ल्याएको देखिन्छ ।

अदृष्टांश गद्यांशको प्राप्ताङ्क हेर्दा कम अङ्क ल्याउनेले ५ अर्थात् २० प्रतिशत मात्र अंक प्राप्त गरेको देखिन्छ । बढी अंक प्राप्त गर्नेले १८ अर्थात् ७२ प्रतिशत अंक प्राप्त गरेको देखिन्छ ।

यस तालिकामा यस विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता समग्रमा हेर्दा सन्तोषजनक रहेको देखिन्छ । दृष्टांश तथा अदृष्टांश पठन बोध क्षमता छात्रकोभन्दा छात्राको बढी रहेको छ ।

#### ख) छात्रछात्राको स्थिति

यस विद्यालयबाट विद्यार्थीको दृष्टांश तथा अदृष्टांश पठन बोध क्षमता परीक्षणका लागि १५ जना विद्यार्थीहरुलाई लिइएको छ । जसमध्ये ८ जना छात्रा तथा ७ जना छात्र रहेका छन् । यस तालिकामा दिइएका अनुसार छात्रहरुको भन्दा छात्राको प्राप्ताङ्क प्रतिशत केही बढी देखिन्छ । दृष्टांश पठन बोधमा सबभन्दा बढी ल्याउने छात्राले २२ अर्थात् ८८ प्रतिशत अंक प्राप्त गरेको देखिन्छ भने कम प्राप्त गर्नेले १२ अर्थात् ४८ प्रतिशत अंक प्राप्त गरेको छ । अदृष्टांश पठन बोधमा बढी अंक ल्याउनेले १८ अर्थात् ७२ प्रतिशत अंक प्राप्त गरेका छन

भने कम ल्याउनेले १० अर्थात् ४० प्रतिशत अंक ल्याएको देखिन्छ ।

माथिको तालिकामा छात्रको दृष्टांश पठन बोध क्षमतालाई परीक्षण गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्नेले २३ अर्थात् ९२ प्रतिशत अंक ल्याएको देखिन्छ भने कम प्राप्त गर्नेले ५ अर्थात् २० प्रतिशत अंक ल्याएको देखिन्छ । अदृष्टांश पठन बोधमा हेर्दा बढी अङ्क ल्याउने छात्रले १८ अर्थात् ७२ प्रतिशत अंक ल्याएको देखिन्छ भने कम अंक प्राप्त गर्ने छात्रले ५ अर्थात् २० प्रतिशत मात्र अंक प्राप्त गरेको देखिन्छ । समग्रमा भन्नुपर्दा यस विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्क अपेक्षित गरिएको भन्दा कम रहेको देखिन्छ ।

**ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति**

यस विद्यालयमा मातृभाषी भन्दा दोस्रो भाषी विद्यार्थीहरुको संख्या बढी रहेको छ । दोस्रोभाषीहरुमा थारु, मगर, राई, तामाङ, राजवंशी, सन्थाल, लिम्बू आदि भाषाभाषीहरु रहेका छन् । यस विद्यालयमा ५ जना मातृभाषी र १० जना दोस्रोभाषी विद्यार्थीहरु रहेका छन् । नेपाली मातृभाषीको दृष्टांश गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीको बढी अंक ल्याउनेले ८४ प्रतिशत अर्थात् २१ अंक र कम ल्याउनेले ३६ प्रतिशत अर्थात् ९ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशमा सबैभन्दा बढी ल्याउनेले ७२ प्रतिशत अर्थात् १८ अंक ल्याएको छ भने कम अंक ल्याउनेले २० प्रतिशत अर्थात् ५ अंक ल्याएको देखिन्छ ।

दृष्टांश गद्यांशमा नेपाली दोस्रोभाषी विद्यार्थीले बढी ल्याउनेले ९२ प्रतिशत अर्थात् २३ अंक ल्याएको देखिन्छ र कम ल्याउनेले ३२ प्रतिशत अर्थात् ८ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशमा नेपाली दोस्रोभाषी विद्यार्थीले बढी ल्याउनेले ७२ प्रतिशत अर्थात् १८ अंक ल्याएको छ र कम ल्याउनेले ४० प्रतिशत अर्थात् १० अंक ल्याएको देखिन्छ । समग्रमा हेर्दा दृष्टांश पठन बोधमा नेपाली दोस्रोभाषीले ६६ प्रतिशत र अदृष्टांशमा ५३.२ प्रतिशत अंक प्राप्त गरेको छ । नेपाली मातृभाषीले दृष्टांशमा ६४ प्रतिशत र अदृष्टांश पठन बोधमा ५३.६ प्रतिशत

अंक प्राप्त गरेको छ । नेपाली मातृभाषी र दोस्रोभाषीको अंकमा खासै फरक देखिएको छैन ।

### ४.३.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

**क) समग्र स्थिति**

माथि दिएको तालिकाबाट यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा देखिन्छ। दृष्टांश गद्यांशबाट २५ पूर्णाङ्क र अदृष्टांश गद्यांशबाट २५ पूर्णाङ्क गरी जम्मा ५० पूर्णाङ्कको प्रश्न निर्माण गरी परीक्षा लिइएको छ । यस विद्यालयका विद्यार्थीहरुले दृष्टांश र गद्यांशबाट बढी अंक ल्याउनेले २१ अंक अर्थात् ८४ प्रतिशत अंक ल्याएको देखिन्छ र सबैभन्दा कम अंक ल्याउनेले ८ अंक अर्थात् ३२ प्रतिशत रहेको देखिन्छ ।

अदृष्टांश गद्यांशको प्राप्ताङ्क हेर्दा बढी अंक प्राप्त गर्नेले ८४ प्रतिशत अर्थात् २१ अंक प्राप्त गरेको देखिन्छ । सबैभन्दा कम अंक ल्याउनेले ८ प्रतिशत अर्थात् २ अंक प्राप्त गरेको देखिन्छ ।

यस तालिकामा सम्पूर्ण विद्यार्थीहरुको दृष्टांश पठन बोधको प्राप्ताङ्क ६२.९३ प्रतिशत अर्थात् २३६ रहेको देखिन्छ भने अदृष्टांश पठन बोधको प्राप्ताङ्क ५४.१३ अर्थात् २०३ रहेको देखिन्छ । दृष्टांश भन्दा अदृष्टांश पठन बोधको प्राप्ताङ्क ८ प्रतिशत कम रहेको देखिन्छ

**ख) छात्रछात्राको स्थिति**

यस विद्यालयबाट विद्यार्थीको दृष्टांश तथा अदृष्टांश पठन बोध क्षमता परीक्षणका लागि १५ जना विद्यार्थीहरुलाई लिइएको छ । जसमध्ये ८ जना छात्र तथा ७ जना छात्रा रहेका छन् । माथिको तालिकामा हेर्दा छात्र र छात्राको अदृष्टांश पठनबोध क्षमताको प्राप्ताङ्क बराबर देखिन्छ भने दृष्टांशमा छात्रको भन्दा छात्राको प्राप्ताङ्क केही बढी देखिन्छ । दृष्टांश पठन बोधमा सबभन्दा बढी ल्याउने छात्राले ८४ प्रतिशत अर्थात् २१ अंक प्राप्त गरेको देखिन्छ भने कम प्राप्त गर्नेले ४८ प्रतिशत अर्थात् १२ अंक प्राप्त गरेको छ । अदृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा सबैभन्दा बढी अंक ल्याउनेले छात्राले ८४ प्रतिशत अर्थात् २१ अंक प्राप्त गरेको देखिन्छ भने कम ल्याउनेले २८ प्रतिशत अर्थात् ७ अंक मात्र प्राप्त गरेको देखिन्छ ।

माथिको तालिकामा छात्रको दृष्टांश पठन बोध परीक्षण प्राप्ताङ्कलाई हेर्दा सबैभन्दा बढी अंक प्राप्त गर्नेले ८० प्रतिशत अर्थात् २० अंक प्राप्त गरेको देखिन्छ र कम प्राप्त गर्नेले ३२ प्रतिशत अर्थात् ८ अंक ल्याएको देखिन्छ । अदृष्टांश पठन बोधमा हेर्दा बढी अंक ल्याउनेले छात्रले ६४ प्रतिशत अर्थात् १६ अंक ल्याएको देखिन्छ भने कम अंक प्राप्त गर्ने छात्रले ८ प्रतिशत अर्थात् २ मात्र अंक प्राप्त गरेको देखिन्छ ।

### ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति

यस विद्यालयमा परीक्षण गरिएका विद्यार्थीमा १०जना नेपाली मातृभाषी र ५ जना नेपाली दोस्रोभाषी रहेका छन् । मातृभाषी भन्दा दोस्रोभाषी विद्यार्थीहरुको संख्या कम रहेको छ । दोस्रोभाषीहरुमा मगर, तामाङ, राजवंशी, नेवारी, आदि भाषाभाषीहरु रहेका छन् । माथिको तालिकाबाट नेपाली मातृभाषीको दृष्टांश गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीको बढी अंक ल्याउनेले ८० प्रतिशत अर्थात् २० अंक र कम

ल्याउनेले ३२ प्रतिशत अर्थात् ८ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांश तिर हेर्दा सबैभन्दा बढी ल्याउनेले ६४ प्रतिशत अर्थात् १६ अंक ल्याएको छ भने कम अंक ल्याउनेले २८ प्रतिशत अर्थात् ७ अंक ल्याएको देखिन्छ । नेपाली मातृभाषीको समग्रमा हेर्दा दृष्टांश गद्यांशमा ६२.४ प्रतिशत र अदृष्टांश गद्यांशमा ५४.४ प्रतिशत अंक आएको देखिन्छ । अदृष्टांश गद्यांशमा ८ प्रतिशतले कम अंक प्राप्त गरेको देखिन्छ ।

तालिकामा दृष्टांश गद्यांशमा नेपाली दोस्रोभाषी विद्यार्थीको प्राप्ताङ्क हेर्दा  बढी ल्याउनेले ८४ प्रतिशत अर्थात् २१ अंक ल्याएको देखिन्छ र कम ल्याउनेले ३२ प्रतिशत अर्थात् ८ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांश मा हेर्दा  बढी ल्याउनेले ८४ प्रतिशत अर्थात् २१ अंक ल्याएको छ र कम ल्याउनेले ८ प्रतिशत अर्थात् २ अंक ल्याएको देखिन्छ । नेपाली दोस्रोभाषीको समग्रमा हेर्दा  दृष्टांश गद्यांशमा मा ६४ प्रतिशत अर्थात् ८० अंक र अदृष्टांश गद्यांशमा  ५३.६ प्रतिशत अर्थात् ६७ अंक ल्याएको देखिन्छ । दृष्टांश भन्दा अदृष्टांशको प्राप्ताङ्क १०.४ प्रतिशतले कम देखिन्छ ।

### ४.४.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

**क) समग्र स्थिति**

माथि दिएको तालिकाबाट यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा देखिन्छ। दृष्टांश गद्यांशबाट २५ पूर्णाङ्क र अदृष्टांश गद्यांशबाट २५ पूर्णाङ्क गरी जम्मा ५० पूर्णाङ्कको प्रश्न निर्माण गरी परीक्षा लिइएको छ । यस विद्यालयका विद्यार्थीहरुले दृष्टांश र गद्यांशबाट बढी अंक ल्याउनेले ९६प्रतिशत अर्थात् २४ अंक प्राप्त गरेको देखिन्छ र सबैभन्दा कम अंक ल्याउनेले २४ प्रतिशत अर्थात् ६ अंक मात्र ल्याएको देखिन्छ ।

अदृष्टांश गद्यांशको प्राप्ताङ्क हेर्दा बढी अंक प्राप्त गर्नेले ८८ प्रतिशत अर्थात् २२ अंक प्राप्त गरेको देखिन्छ । सबैभन्दा कम अंक ल्याउनेले २० प्रतिशत अर्थात् ५ अंक प्राप्त गरेको देखिन्छ। समग्रमा दृष्टांश र अदृष्टांश पठन बोधको प्राप्ताङ्कमा ४ प्रतिशतको मात्र फरक पाइन्छ।

**ख) छात्रछात्राको स्थिति**

यस विद्यालयबाट विद्यार्थीको दृष्टांश तथा अदृष्टांश पठन बोध क्षमता परीक्षणका लागि १५ जना विद्यार्थीहरुलाई

लिइएको छ । जसमध्ये ८ जना छात्रा तथा ७ जना छात्र रहेका छन् । माथिको तालिकाको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोधमा सबभन्दा बढी ल्याउने छात्राले ९६ प्रतिशत अर्थात् २४ अंक र कम प्राप्त गर्नेले ३२ प्रतिशत अर्थात् ८ अंक ल्याएको देखिन्छ । छात्राको दृष्टांश र अदृष्टांश पठन बोधको कुल प्राप्ताङ्क बराबर अर्थात् ५१.५० प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिकामा छात्रको दृष्टांश पठन बोधमा सबैभन्दा बढी अंक प्राप्त गर्नेले ७२ प्रतिशत अर्थात् १८ अंक प्राप्त गरेको देखिन्छ र कम प्राप्त गर्नेले २४ प्रतिशत अर्थात् ६ अंक ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्रको दृष्टांश पठन बोधमा ३८.८५ प्रतिशत र अदृष्टांशमा ३८.२८ प्रतिशत अंक रहेको देखिन्छ । दृष्टांश र अदृष्टांशको प्राप्ताङ्कमा ०.५ प्रतिशतले मात्र फरक देखिन्छ । यस विद्यालयका छात्र छात्राहरुको दृष्टांश र अदृष्टांशको प्राप्ताङ्कमा खासै फरक रहेको देखिदैन । छात्रको भन्दा छात्राको प्राप्ताङ्क प्रतिशत बढी देखिन्छ ।

### ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति

यस विद्यालयमा परीक्षण गरिएका विद्यार्थीमा ९ जना नेपाली मातृभाषी र ६ जना नेपाली दोस्रोभाषी रहेका छन् । मातृभाषी भन्दा दोस्रोभाषी विद्यार्थीहरुको संख्या कम रहेको छ । दोस्रोभाषीहरुमा थारु, राजवंशी, मैथिली, मुस्लिम आदि भाषाभाषीहरु रहेका छन् । माथिको तालिकामा हेर्दा नेपाली मातृभाषी विद्यार्थीले दृष्टांश पठन बोधमा सबैभन्दा बढी अंक ल्याउनेले ९६ प्रतिशत अर्थात् २४ अंक र कम ल्याउनेले २४ प्रतिशत अर्थात् ६ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांश तिर हेर्दा सबैभन्दा बढी ल्याउनेले ८८ प्रतिशत अर्थात् २२ अंक ल्याएको छ भने कम अंक ल्याउनेले २४ प्रतिशत अर्थात् ६ अंक ल्याएको देखिन्छ । नेपाली मातृभाषीको समग्रमा हेर्दा दृष्टांश पठन बोधबाट ५२ प्रतिशत र अदृष्टांश पठन बोधबाट ५३.३३ प्रतिशत अंक प्राप्त गरेको देखिन्छ ।

तालिकामा दृष्टांश पठन बोधमा नेपाली दोस्रोभाषी विद्यार्थीको प्राप्ताङ्क हेर्दा बढी ल्याउनेले ५६ प्रतिशत अर्थात् १४ अंक ल्याएको देखिन्छ र कम ल्याउनेले २४ प्रतिशत अर्थात् ६ अंक ल्याएको देखिन्छ । त्यस्तै अदृष्टांश पठन बोधमा बढी ल्याउनेले ४८ प्रतिशत अर्थात् १२ अंक ल्याएको छ र कम ल्याउनेले २० प्रतिशत अर्थात् १५ अंक ल्याएको देखिन्छ। नेपाली दोस्रोभाषीको समग्रमा हेर्दा दृष्टांश गद्यांशमा मा ३६ प्रतिशत र अदृष्टांश गद्यांशमा ३३.३३ प्रतिशत अंक ल्याएको देखिन्छ । नेपाली मातृभाषीको प्राप्ताङ्क दोस्रोभाषीको भन्दा बढी देखिन्छ ।

### ४.५.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

**क) समग्र स्थिति**

माथिको तालिकामा हेर्दा यस विद्यालयबाट ७ जना छात्रा र ८ जना छात्र गरी १५ जना विद्यार्थीहरुको परीक्षण गरिएको छ । दृष्टांश गद्यांशबाट २५ र अदृष्टांश गद्यांशबाट २५ पूर्णाङ्क गरी जम्मा ५० पूर्णाङ्कको परीक्षा लिइएको छ । यस विद्यालयका विद्यार्थीले दृष्टांश पठन बोधको प्राप्ताङ्क बढी ल्याउनेले ६८% अर्थात् १७ अंक र कम ल्याउनेले ३२% अर्थात् ८ अंक ल्याएको देखिन्छ । त्यस्तै अदृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा सबैभन्दा बढी ल्याउनेले ८८% अर्थात् २२ अंक र कम ल्याउनेले ४८% अर्थात् १२ अंक प्राप्त गरेको देखिन्छ । समग्रमा दृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा ५४.४% अंक र अदृष्टांश पठन बोधको ६९.६% अंक रहेको देखिन्छ । यस विद्यालयको पठन बोधको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोध भन्दा अदृष्टांश पठन बोधको प्राप्ताङ्क १५.२% बढी  देखिन्छ । त्यस्तै दृष्टांश र अदृष्टांश पठन बोधको जम्मा प्राप्ताङ्क प्रतिशत ७२% देखिन्छ ।

**ख) छात्रछात्राको स्थिति**

माथिको तालिकामा हेर्दा यस विद्यालयबाट ७ जना छात्रा तथा ८ जना छात्र गरी १५ जना विद्यार्थीहरु परीक्षामा सामेल भएको देखिन्छ । तालिकाको प्राप्ताङ्क हेर्दा यस विद्यालयबाट सबभन्दा बढी ल्याउने छात्राले दृष्टांश पठन बोधमा ६४% अर्थात् १६ र अदृष्टांश पठन बोधमा ७६% अर्थात् १९ अंक प्राप्त गरेको देखिन्छ । यस विद्यालयका ८ जना छात्र मध्ये सबैभन्दा बढी अंक ल्याउनेले दृष्टांश पठन बोधमा ६८% अर्थात् १७ अंक र अदृष्टांशमा ८८% अर्थात् २२ अंक ल्याएको देखिन्छ । यस विद्यालयका छात्राहरुले दृष्टांश पठन बोधमा ५२% अंक र अदृष्टांशमा ६३.४२% अंक ल्याएको देखिन्छ । त्यस्तै छात्रहरुले दृष्टांश पठन बोधमा ५६.५०% अंक र अदृष्टांशमा ७५% अंक प्राप्त गरेको देखिन्छ । छात्राको पठन बोध क्षमता भन्दा छात्रको पठन बोध क्षमता बढी देखिन्छ ।

**ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति**

माथिको तालिकामा हेर्दा यस विद्यालयमा नेपाली मातृभाषीको संख्या बढी र दोस्रो भाषीको संख्या कम देखिन्छ । १५ जना विद्यार्थीमा १२ जना नेपाली मातृभाषी र ३ जना मात्र दोस्रोभाषी रहेका छन् । नेपाली मातृभाषीको प्राप्ताङ्क हेर्दा दृष्टांश गद्यांशमा बढी ल्याउनेले ६८% र कम ल्याउनेले ३२% अंक ल्याएको देखिन्छ । अदृष्टांश तर्फ बढी ल्याउनेले ८८% र कम ल्याउनेले ४८% अंक ल्याएको देखिन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीले दृष्टांश गद्यांशमा बढी ल्याउनेले ६४% र कम ल्याउनेले ३२% अंक ल्याएको देखिन्छ । त्यस्तै अदृष्टांश गद्यांशमा बढी अंक ल्याउनेले ८८% अर्थात् २२ अंक र कम ल्याउनेले ५६% अर्थात् १४ अंक ल्याएको देखिन्छ ।

### ४.६.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

**क) समग्र स्थिति**

माथि दिएको तालिकाबाट यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा देखिन्छ । यस विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमताको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोधमा सबैभन्दा बढी अंक ल्याउनेले ६८% अर्थात् १७ अंक प्राप्त गरेको देखिन्छ र सबैभन्दा कम अंक ल्याउनेले ४% अर्थात् १ अंक मात्र ल्याएको देखिन्छ ।

अदृष्टांश गद्यांशको प्राप्ताङ्क हेर्दा बढी अंक प्राप्त गर्नेले ७२% अर्थात् १८ अंक र कम अङ्क ल्याउनेले ८% अर्थात् २ अंक प्राप्त गरेको देखिन्छ । यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोधको प्राप्ताङ्क ४९.८६% र अदृष्टांशको ४२.९३% रहेको देखिन्छ । यस विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता कमजोर रहेको देखिन्छ ।

**ख) छात्रछात्राको स्थिति**

माथिको तालिकामा हेर्दा यस विद्यालयबाट ९ जना छात्र र ६ जना छात्र गरी १५ जना विद्यार्थीहरुलाई परीक्षामा समावेश गरिएको छ । तालिकाबाट प्राप्ताङ्क हेर्दा यस विद्यालयमा दृष्टांश गद्यांशबाट बढी अंक ल्याउने छात्राले ६४% अर्थात् १६ अंक र कम अंक ल्याउनेले ३६% अर्थात् ९ अंक ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशको प्राप्ताङ्क हेर्दा बढी अंक ल्याउने छात्राले ५६% अर्थात् १४ अंक र कम ल्याउनेले ३६% अर्थात् ९ अंक ल्याएको देखिन्छ । छात्र तर्फको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोधमा बढी ल्याउनेले ६८% अर्थात् १७ अंक र कम ल्याउनेले ४% अर्थात् १ अंक ल्याएको देखिन्छ । अदृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा बढी ल्याउने छात्रले ७२% अर्थात् १८ अंक र कम ल्याउनेले ८% अर्थात् २ अंक ल्याएको देखिन्छ । यस विद्यालयका छात्रको पठन बोध क्षमता छात्राको भन्दा कमजोर देखिन्छ । छात्र छात्राको समग्रमा प्राप्ताङ्क हेर्दा सन्तोषजनक पाइँदैन ।

**ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति**

यस विद्यालयमा परीक्षण गरिएका विद्यार्थीमा ८ जना नेपाली मातृभाषी र ७ जना नेपाली दोस्रोभाषी रहेका छन् । यहाँ नेपाली दोस्रोभाषीहरुमा थारु, राजवंशी, नेवारी, मगर आदि भाषाभाषीहरु रहेका छन् । यस विद्यालयका नेपाली मातृभाषीहरुको दृष्टांश पठन बोध क्षमता ५१.५०% र अदृष्टांश पठन बोध क्षमता ४१% रहेको छ । दोस्रोभाषी विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता ४८% र अदृष्टांश पठन बोध क्षमता ३९.४२% रहेको छ । नेपाली मातृभाषी र दोस्रोभाषीहरुको पठन बोध क्षमतामा कम मात्र भिन्नता पाइन्छ ।

### ४.७.१ दृष्टांश र अदृष्टांश गद्यांशको विवरण

**क) समग्र स्थिति**

माथि दिएको तालिकाबाट यस विद्यालयका विद्यार्थीहरुको दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा देखिन्छ । यस विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमताको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोधमा सबैभन्दा बढी अंक ल्याउनेले ९६% अर्थात् २४ अंक प्राप्त गरेको देखिन्छ र सबैभन्दा कम अंक ल्याउनेले २८% अर्थात् ७ अंक मात्र ल्याएको देखिन्छ । त्यस्तै अदृष्टांश पठन बोधमा बढी अंक प्राप्त गर्नेले ८४% अर्थात् २१ अंक र कम अङ्क ल्याउनेले ३६% अर्थात् ९ अंक ल्याएको देखिन्छ । समग्रमा हेर्दा यस विद्यालयका विद्यार्थीहरुले दृष्टांश पठन बोधमा ७८.४% अर्थात् २९४ अंक र अदृष्टांश पठन बोधमा ५७.६% अर्थात् २१६ अंक प्राप्त गरेको देखिन्छ । दृष्टांश पठन बोध भन्दा अदृष्टांश पठन बोध क्षमता केही कमजोर रहेको देखिन्छ ।

**ख) छात्रछात्राको स्थिति**

यस विद्यालयबाट पठन बोध क्षमता परीक्षणका लागि १० जना छात्रा र ५ जना छात्र गरी १५ जना विद्यार्थीहरुलाई परीक्षामा समावेश गरिएको छ । दिइएको तालिका अनुसार छात्रको प्राप्ताङ्क भन्दा छात्राको प्राप्ताङ्क बढी देखिएकोले छात्रको भन्दा छात्राको पठन बोध क्षमता बढी भएको देखिन्छ । दृष्टांश पठन बोधमा सबैभन्दा बढी अंक ल्याउने छात्राले ९६% अर्थात् २४ अंक र कम अंक ल्याउनेले ७२% अर्थात् १८ अंक प्राप्त गरेको देखिन्छ । अदृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा सबैभन्दा बढी अंक ल्याउने छात्राले ७२% अर्थात् १८ अंक र कम ल्याउनेले ४०% अर्थात् १० अंक ल्याएको देखिन्छ । छात्र तर्फको पठन बोध क्षमताको प्राप्ताङ्क हेर्दा दृष्टांश पठन बोधमा सबैभन्दा बढी ल्याउनेले ८८% अर्थात् २२ अंक र कम ल्याउनेले २८% अर्थात् ७ अंक ल्याएको देखिन्छ । अदृष्टांश पठन बोधको प्राप्ताङ्क हेर्दा बढी ल्याउने छात्रले ८४% अर्थात् २१ अंक र कम ल्याउनेले ३६% अर्थात् ९ अंक ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्राको दृष्टांश पठन बोध क्षमताको प्राप्ताङ्क ८८% र अदृष्टांश पठन बोध क्षमताको प्राप्ताङ्क ६२.८% रहेको देखिन्छ । त्यस्तै छात्रको दृष्टांश पठन बोध क्षमताको प्राप्ताङ्क ५९.२% र अदृष्टांश पठन बोधको प्राप्ताङ्क ४७.२% रहेको देखिन्छ ।

**ग) मातृभाषी र दोस्रोभाषी विद्यार्थीको स्थिति**

माथिको तालिका हेर्दा यस विद्यालयका विद्यार्थीमा ८ जना नेपाली मातृभाषी र ७ जना नेपाली दोस्रोभाषी रहेको देखिन्छ । यहाँ नेपाली दोस्रोभाषीहरुमा थारु, राई, नेवारी, लिम्बू आदि भाषाभाषीहरु रहेका छन् । नेपाली मातृभाषीहरुको दृष्टांश पठन बोधको क्षमता समग्रमा हेर्दा ८२.५% देखिन्छ र अदृष्टांश

पठन बोध क्षमता ६३.५% रहेको देखिन्छ । दोस्रोभाषीहरुको समग्रमा दृष्टांश पठन बोधको प्राप्ताङ्क ७३.७१% र अदृष्टांश पठन बोध क्षमता ५०.८५% रहेको देखिन्छ । समग्रमा हेर्दा यस विद्यालयमा नेपाली मातृभाषीको पठन बोध क्षमता भन्दा दोस्रोभाषीहरुको पठन बोध क्षमता कम रहेको देखिन्छ ।

## ४.८ समग्र विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति

### ४.८.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति

| कुल संख्या | २५ प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा बढी | | ७५ प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **९०** | **४** | **४.४** | **२६** | **२८.८८** | **४७** | **५२.२२** | **१३** | **१४.४४** |

उपर्युक्त तालिका अनुसार प्रतिनिधि नमुना छनोटका कुल संख्या ९० मध्ये २५ प्रतिशत भन्दा कम पठन बोध क्षमता भएका विद्यार्थीहरुको संख्या ४.४ प्रतिशत देखिन्छ । २५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल पठन बोध क्षमता भएका विद्यार्थीको संख्या २८.८८ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल पठन बोध क्षमता भएका विद्यार्थीहरुको संख्या ५२.२२ प्रतिशत रहेको देखिन्छ । ७५ प्रतिशत भन्दा बढी बठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या १४.४४ प्रतिशत देखिन्छ । तालिका अनुसार ५० प्रतिशत भन्दा कम पठन बोध क्षमता भएका विद्यार्थीहरु २८.८८ प्रतिशत देखिनु र ५० प्रतिशत भन्दा बढी पठन बोध क्षमता भएका विद्यार्थीहरुको संख्या ५२.२२ प्रतिशत देखिनुले समग्रमा विद्यार्थीहरुको पठन बोध क्षमता त्यति सन्तोषजनक देखिदैन ।

### ४.८.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमताको स्थिति

| कुल संख्या | २५ प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा बढी | | ७५ प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **९०** | **४** | **४.४** | **२२** | **२४.४४** | **४४** | **४८.८८** | **२०** | **२२.२२** |

उपर्युक्त तालिकामा विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमताको स्थिति देखाइएको छ । विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमतालाई प्रतिशतमा गणना गरी हेर्दा कुल ९० जना विद्यार्थी मध्ये २५ प्रतिशत भन्दा कम दृष्टांश पठन बोध क्षमता भएका विद्यार्थीको संख्या ४.४४ प्रतिशत देखिन्छ । २५ प्रतिशत भन्दा बढी र ५० प्रतिशत भन्दा कम पठन बोध क्षमता भएका विद्यार्थीको २४.४४ प्रतिशत देखिन्छ । त्यसैगरी ५० प्रतिशत भन्दा बढी र ७५ प्रतिशत भन्दा कम पठन बोध क्षमता भएका विद्यार्थीहरुको संख्या ४८.८८ प्रतिशत रहेको देखिन्छ र ७५ प्रतिशत भन्दा बढी बठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या २२.२२ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा माथिको तालिकामा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ७५ प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुको संख्या २२.२२ प्रतिशत देखिनुले समग्र विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता सन्तोषजनक नरहेको प्रमाणित हुन्छ ।

### ४.८.३ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमताको स्थिति

| कुल संख्या | २५ प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा बढी | | ७५ प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **९०** | **५** | **५.५५** | **३०** | **३३.३३** | **४४** | **४८.८८** | **११** | **१२.१२** |

उपर्युक्त तालिकामा विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमताको स्थिति देखाइएको छ । विद्यार्थीहरुको अदृष्टांश पठन बोध

क्षमतालाई प्रतिशतमा गणना गरी हेर्दा कुल ९० जना विद्यार्थी मध्ये २५ प्रतिशत भन्दा कम दृष्टांश पठन बोध क्षमता भएका विद्यार्थीको संख्या ५.५५ प्रतिशत देखिन्छ । ५० प्रतिशत भन्दा कम पठन बोध क्षमता भएका विद्यार्थीको ३३.३३ प्रतिशत देखिन्छ र ५० प्रतिशत भन्दा बढी पठन बोध क्षमता भएका विद्यार्थीहरुको संख्या ४८.८८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ७५ प्रतिशत भन्दा बढी बठनबोध क्षमता भएका विद्यार्थीहरुको संख्या १२.१२ प्रतिशत देखिन्छ । यहाँ न्यूनतम श्रेणीको रूपमा मापन गरिएको २५ प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने विद्यार्थीको संख्या ५.५५ प्रतिशत रहनु र उच्चतम श्रेणीका रूपमा मापन गरिएको विद्यार्थीहरुको पठन बोध क्षमता १२.१२ प्रतिशत रहनुले समग्र विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमता सन्तोषजनक नरहेको पाइन्छ ।

### ४.८.४ विद्यार्थीहरुको पठन बोध क्षमताको समूहगत स्थिति :

| कुल संख्या | समूह | विद्यार्थी संख्या | कुल प्राप्ताङ्क | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| ९० | विद्यालयको प्रकृति | | | |
| | निजी | **४५** | **१३१३** | **५८.८०** |
| | सरकारी | **४५** | **१२२५** | **५४.४४** |
| | लिङ्ग | | | |
| | छात्रा | **४६** | **१४१५** | **६१.५२** |
| | छात्र | **४४** | **११३३** | **५१.५०** |
| | भाषिक पृष्ठभूमि | | | |
| | नेपाली मातृभाषी | **५२** | **१५२९** | **५८.८०** |
| | दोस्रोभाषी | **३८** | **१०१९** | **५३.६३** |

उपर्युक्त तालिकामा नमुना छनोटमा परेका ६ वटा निजी तथा सार्वजनिक विद्यालयका ९० जना विद्यार्थीहरु रहेका छन् । लिङ्गका आधारमा छात्रा र छात्रहरु भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषाका रूपमा नेपाली भाषा बोल्नेलाई नेपाली मातृभाषी र दोस्रो भाषाका रूपमा मात्र नेपाली भाषा बोल्नेलाई नेपाली मातृभाषी भनी समूह विभाजन गरी विश्लेषण गर्दा निम्नानुसार देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा निजी क्षेत्रमा सञ्चालित विद्यालयहरु र सार्वजनिक (सरकारी) विद्यालयहरुमा ४५/४५ जना विद्यार्थीहरुलाई अध्ययनका रूपमा समावेश गरिएको छ । समग्रमा हेर्दा निजी क्षेत्रका विद्यार्थीहरुको कुल प्राप्ताङ्क प्रतिशत ५८.८० रहेको देखिन्छ । त्यसैगरी सार्वजनिक विद्यालयका विद्यार्थीहरुको कुल प्राप्ताङ्क प्रतिशत ५४.४४ रहेको देखिन्छ । यहाँ सार्वजनिक निजी विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्क हेर्दा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता उच्च नभएको र मध्यमस्तरको रहेको पाइन्छ । निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमतामा खासै अन्तर नभएको देखिन्छ । निजी क्षेत्रमा सञ्चालित विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको भन्दा ४.३६ प्रतिशतले मात्र बढी देखिन्छ ।

विद्यार्थीहरुलाई लैङ्गिक समूहमा बाँडेर हेर्दा छात्रा तर्फ ४६ र छात्र तर्फ ४४ जना विद्यार्थीहरु रहेका छन् । यहाँ छात्राको पठन बोध क्षमताको कुल प्राप्ताङ्क प्रतिशत ६१.५२ रहेको देखिन्छ । त्यस्तै छात्र तर्फको प्राप्ताङ्क प्रतिशत ५१.५० रहेको देखिन्छ । छात्रा र छात्रको समग्र प्रतिशत हेर्दा छात्रको भन्दा छात्राको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ ।

भाषिक पृष्ठभूमिको आधारमा हेर्दा नेपाली मातृभाषी तर्फ ५२ जना र दोस्रोभाषी तर्फ ३८ जना विद्यार्थीहरु समावेश गरिएको छ ।

नेपाली मातृभाषीको कुल प्राप्ताङ्क प्रतिशत ५८.८० र दोस्रोभाषीको कुल प्राप्ताङ्क प्रतिशत ५३.६३ रहेको देखिन्छ । नेपाली मातृभाषी र दोस्रोभाषीको पठन बोध क्षमतामा केही अन्तर देखिन्छ ।

## ४.९ पठन बोध क्षमतामा विभिन्न समूहहरुको तुलनात्मक स्थिति

### ४.९.१ पठन बोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्रा बिचको तुलना

| समूह | संख्या | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|
| छात्रा | **४६** | **१४१५** | **६१.५२** |
| छात्र | **४४** | **११३३** | **५१.५०** |

प्रस्तुत तालिकामा समग्र विद्यार्थीहरुको लैङ्गिक आधारमा विभाजन गरी छात्रातर्फ ४६ र छात्र तर्फ ४४ जना विद्यार्थीहरुलाई समावेश गरिएको छ । ५० पूर्णाङ्कको परीक्षामा ४६ जना छात्राहरुले कुल प्राप्ताङ्क १४१५ अर्थात् ६१.५२ प्रतिशत अंक ल्याएको देखिन्छ भने छात्रको प्राप्ताङ्क प्रतिशत ५१.५० रहेको देखिन्छ । छात्र छात्राको कुल प्राप्ताङ्क प्रतिशत हेर्दा दुवैको प्राप्ताङ्क उच्चतम नरहेको देखिन्छ । छात्र र छात्रा बीचको प्राप्ताङ्क तुलना गर्दा छात्रको भन्दा छात्राको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ । यसबाट कक्षा ७मा अध्ययनरत छात्रको भन्दा छात्राको पठन बोध क्षमता राम्रो छ भन्न सकिन्छ ।

### ४.९.२ विद्यालयको प्रकृतिको आधारमा पठन बोध क्षमताको तुलना

| विद्यालय | विद्यार्थी संख्या | दृष्टांश | दृष्टांश प्रतिशत | अदृष्टांश | अदृष्टांश प्रतिशत | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| निजी | **४५** | **६८५** | **६०.८८** | **७३८** | **५६.७१** | **१३२३** | **५८.८०** |
| सार्वजनिक | **४५** | **६५२** | **५७.९५** | **५७३** | **५०.९३** | **१२२५** | **५४.४४** |

माथिको तालिकामा निजी रूपमा सञ्चालित ३ विद्यालय र सार्वजनिक रूपमा सञ्चालित ३ विद्यालयहरुबाट ४५/४५ जना विद्यार्थीहरु प्रतिनिधि नमुना छनोटको रूपमा समावेश गरिएको छ ।

निजी विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता हेर्दा ४५ जना विद्यार्थीहरुले कुल दृष्टांश प्राप्ताङ्क ६८५ अर्थात् ६०.८८ प्रतिशत ल्याएको देखिन्छ । त्यस्तै सार्वजनिक विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमताको कुल प्राप्ताङ्क ६५२ अर्थात् ५७.९५ प्रतिशत रहेको देखिन्छ । सार्वजनिक र निजी विद्यालयहरुको दृष्टांश पठन बोधको प्राप्ताङ्कले विद्यालयको प्रकृति अनुसार दृष्टांश पठन बोधको क्षमतामा खासै अन्तर नरहेको पाइन्छ । सार्वजनिक विद्यालयको भन्दा निजी विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता २.९३ प्रतिशतले मात्र बढी देखिन्छ । यसबाट यी दुवै प्रकारका विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता थोरै अन्तर रहेको मान्न सकिन्छ ।

अदृष्टांश पठन बोध क्षमताको प्राप्ताङ्क हेर्दा निजी विद्यालयका विद्यार्थीहरुको कुल प्राप्ताङ्क ६३८ अर्थात् ५६.७१ प्रतिशत देखिन्छ भने सार्वजनिक विद्यालयका विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमताको कुल प्राप्ताङ्क ५७३ अर्थात् ५०.९३ प्रतिशत रहेको छ । सार्वजनिक विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता भन्दा निजी विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता ५.७८ प्रतिशतले मात्र बढी देखिन्छ । सार्वजनिक विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता निजी विद्यालयका विद्यार्थीहरुको दृष्टांश पठन बोध क्षमता केही कम देखिएता पनि यी दुवै प्रकृतिका विद्यालयका विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमता उच्च नरहेको देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा समग्र पठन बोध क्षमतालाइ हेर्दा निजी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता ५८.८० प्रतिशत रहेको छ भने सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता ५४.४४ प्रतिशत रहेको देखिन्छ । सार्वजनिक विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता

४.३१ प्रतिशतले मात्र बढी देखिन्छ । दुवैको प्राप्ताङ्क प्रतिशत लाई हेर्दा विद्यार्थीहरुको पठन बोध क्षमता सन्तोषजनक रहेको पाइँदैन । विद्यालयको प्रकृति अनुसार पठन बोध क्षमता बराबर नभएको र केही अन्तर रहेको देखिन्छ ।

### ४.९.३ भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमताको तुलना

| कुल संख्या | भाषिक पृष्ठभूमि | वि.सं. | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| ९० | नेपाली मातृभाषी | **५२** | **१५२९** | **५८.८०** |
| | दोस्रोभाषी | **३८** | **१०१९** | **५३.६३** |

माथिको तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तर्फ ५२ जना र दोस्रोभाषी तर्फ ३८ जना रहेका विद्यार्थीहरुलाई समावेश गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीले पठन बोध क्षमताको कुल प्राप्ताङ्क १५२९ अर्थात् ५८.८० प्रतिशत ल्याएको देखिन्छ । त्यस्तै दोस्रोभाषीले पठन बोध क्षमताको कुल प्राप्ताङ्क १०१९ अर्थात् ५३.६३ प्रतिशत ल्याएको देखिन्छ । समग्रमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरुको पठन बोध क्षमता उच्च रहेको देखिदैन । नेपाली मातृभाषी र दोस्रोभाषी बिच तुलना गर्दा नेपाली मातृभाषीको पठन बोध क्षमता केही राम्रो देखिन्छ ।

## ४.१० सुझाब

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझाबहरु प्रस्तुत गरिएको छ ।

१. पठन बोध क्षमता भाषिक क्षमता विकासको लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठन बोध सम्बन्धी क्रियाकलाप समावेश गर्नुपर्छ ।

२. विद्यार्थीहरुलाई पठन बोध सम्बन्धी अभ्यास गराउँदा पाठ्यपुस्तकमा समावेश भएका पाठहरुबाट मात्र नगराएर अन्य स्तर सुहाउँदा र उपयुक्त विषयवस्तुबाट पठन बोध सम्बन्धी अभ्यास गराउनुपर्छ ।

३. विद्यार्थीहरुमा अदृष्टांश पठन बोध क्षमता वृद्धि गर्नका लागि आवश्यक सन्दर्भ पुस्तक तथा पत्रपत्रिकाहरु विद्यालयमा उपलब्ध गराई विद्यार्थीहरुलाई स्वाध्ययनप्रति प्रेरित गराउनु पर्दछ ।

४. नेपाली विषयप्रति नकारात्मक धारणा बनाई जुनसुकै विषय शिक्षक तथा तालिम अप्राप्त शिक्षकद्वारा हुने पठन पाठन क्रियाकलापको अन्त्य गर्नुपर्ने, साथै विषय शिक्षकलाई तालिम तथा पुनर्ताजकीय तालिमको व्यवस्था गर्नुपर्ने ।

५. नेपाली दोस्रोभाषी विद्यार्थीहरुलाई पनि नेपाली मातृभाषी विद्यार्थी सरह अगाडि ल्याउनका लागि विभिन्न शैक्षिक सामग्रीहरु प्रयोग गरी उनीहरुको क्षमतालाई ध्यानमा राखी रोचकपूर्ण ढङ्गले कक्षामा क्रियाकलाप गराउनुपर्दछ ।

६. विद्यालयमा तल्लो तह देखि नै भाषिक सीपलाई ख्यालमा राखी कक्षा क्रियाकलाप गर्नुपर्दछ ।

७. कक्षा शिक्षणमा शिक्षक मात्र सक्रिय नभई सकेसम्म विद्यार्थीहरुको सक्रियता बढाउनुपर्छ ।

८. पठन बोध क्षमताको विकासका लागि तल्लो तहदेखि नै विषयवस्तु चयन गर्दा स्थानीयता लिङ्ग, भाषा उमेर कक्षा तह आदि विविध पक्षलाई ध्यान दिएर रोचक विषयवस्तु समावेश गरिनुपर्छ ।

९. पठन बोध शिक्षणलाई रोचक बनाउन विभिन्न बोधात्मक प्रश्नोत्तरहरु प्रतियोगितात्मक रूपमा गराउन सकिन्छ ।

१०. भाषिक सिप विकासका लागि पठन बोध क्षमता अति आवश्यक भएको कुरालाई मध्यनजर गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका क्रममा पठन बोध सम्बन्धी क्रियाकलाप समावेश गरिनुपर्दछ ।

११. सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता अभिवृद्धि गर्नका लागि उक्त विद्यालयमा विद्यार्थीहरुको चापलाई व्यवस्थित गरी विभिन्न सन्दर्भ सामग्री पत्रपत्रिका आदिको व्यवस्था गरेर सामूहिक र व्यक्तिगत रूपमा बोधात्मक प्रश्नोत्तर समय समयमा गर्नुपर्दछ ।

१२. पाठ्यपुस्तकमा पठन बोध सम्बन्धी अभ्यासहरु समावेश गर्नुपर्दछ ।

१३. शिक्षकले कक्षा कोठामा विद्यार्थीहरुको पठन बोध क्षमता वृद्धि गर्ने खालका विभिन्न क्रियाकलापहरु गराउनु पर्दछ ।

१४. पठन बोध क्षमता बढाउने खालका क्रियाकलापहरु प्रतिस्पर्धात्मक रूपमा समय समयमा गर्नुपर्दछ ।

अध्याय पाँच

# सारांश निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

यस शोधकार्यमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता पहिल्याउने प्रयास गरिएको छ । त्यसका लागि झापा जिल्लाका तिन सरकारी र तिन निजी विद्यालयका

९० जना विद्यार्थीहरुलाई दृष्टांश र अदृष्टांश प्रश्नहरु दिई पठन बोध क्षमताको परीक्षण गरिएको छ ।

यस शोधको पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, उद्देश्य औचित्य र परिसीमा आदि प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा उपयोगिता प्रस्तुत गरिएको छ । अध्याय तिनमा अनुसन्धात्मक ढाँचा अर्थात् अनुसन्धान गर्ने सम्पूर्ण विधिको बारेमा स्पष्ट पारिएको छ । अध्याय चारमा प्राप्त सामाग्रीलाई व्याख्या विश्लेषण गरिएको छ । छवटा विद्यालयको प्राप्ताङ्क र प्राप्ताङ्क प्रतिशत तालिकाद्वारा छुट्टाछुट्टै रूपमा देखाइएको छ । समग्रमा विद्यार्थीहरुको दृष्टांश अदृष्टांश पठन बोधको स्थिति त्यस्तै लिङ्गको आधारमा छात्र छात्राको पठन बोध क्षमताको स्थिति, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको पठन बोध क्षमतालाई स्पष्ट पारिएको छ । साथै तुलनात्मक विश्लेषण गरिएको छ । अध्याय पाँचमा अध्ययनको निष्कर्ष तथा उपयोगिता स्पष्ट पारिएको छ । यस अध्ययनबाट छात्रको भन्दा छात्राको पठन बोध क्षमता राम्रो रहेको निजी विद्यालय र सार्वजनिक विद्यालयको पठन बोध क्षमतामा थोरैमात्र अन्तर रहेको, समग्रमा विद्यार्थीहरुको पठन बोध क्षमता त्यति सन्तोषजनक नरहेको र मध्यमस्तर को क्षमता रहेको छ भन्ने कुराको  निष्कर्ष निकालेको छ ।

## ५.२. निष्कर्ष

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध सम्बन्धी प्रस्तुत अध्ययनबाट निम्न लिखित निष्कर्ष प्रस्तुत गरिएको छ ।

१. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमताको प्राप्ताङ्क तालिका हेर्दा केही विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ ।

२. दुईवटा गद्यांश (दृष्टांश र अदृष्टांश) सोधिएकोमा कुनै विद्यार्थीले दृष्टांश गद्यांशमा राम्रो प्राप्ताङ्क ल्याएको देखिन्छ भने कुनै विद्यार्थीले अदृष्टांश गद्यांशमा राम्रो अंक ल्याएको देखिन्छ ।

३. समग्रमा हेर्दा पठन बोध प्राप्ताङ्क भन्दा अदृष्टांश पठन बोध क्षमतामा केही कमजोर देखिन्छ ।

४. लैङ्गिक दृष्टिले छात्रको भन्दा छात्राको पठन बोध क्षमतामा राम्रो रहेकोले सार्थक अन्तर पाइन्छ ।

५. दोस्रोभाषीको पठन बोध क्षमता भन्दा नेपाली मातृभाषीको पठन बोध क्षमता राम्रो देखिन्छ ।

६. विद्यालयको प्रकृतिका दृष्टिले समग्रमा हेर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता भन्दा निजी विद्यालयका विद्यार्थीहरुको पठन बोध क्षमता केही राम्रो देखिन्छ ।

७. विद्यार्थीहरुको पठन बोध क्षमताको प्राप्ताङ्क प्रतिशत हेर्दा धेरै ल्याउनेले ९२% र सबभन्दा कम ल्याउनेले ६% मात्र अंक ल्याएको देखिन्छ ।

८. विद्यालयको समग्र पठन बोध क्षमता हेर्दा प्यारागन एकाडेमीमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता राम्रो देखिन्छ ।

९. समग्र विद्यार्थीहरुको प्राप्ताङ्क प्रतिशत ५६.६२% रहेकोले विद्यार्थीहरुको पठन बोध क्षमता त्यति सन्तोषजनक पाइदैन ।

### ५.२.१ पठन बोधक्षमता सम्बन्धी देखिएका समस्याहरु

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन बोध क्षमता सम्बन्धी अध्ययन गर्दा निम्न लिखित समस्याहरु देखिएका छन् ।

क) विद्यार्थीहरुको पठन बोध क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

ख) दृष्टांश र अदृष्टांश गद्यांशको क्लोज परीक्षण प्रश्नहको उत्तर धेरै विद्यार्थीहरुले राम्ररी दिन सकेका छैनन् ।

ग) विद्यार्थीहरुको बोधको स्थिति कमजोर रहेको देखिन्छ ।

घ) विद्यालयमा पठन बोधको अभ्यास कम गराएको पाइन्छ ।

ङ) विद्यार्थीहरुको पठन बोध क्षमतामा विकास गर्ने अन्य कुनै क्रियाकलाप विद्यालयमा गरिएको पाइँदैन ।

च) सरकारी विद्यालयका विद्यार्थीहरुकोभन्दा निजी विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्क बढी देखिएकोले सरकारी विद्यालयमा विद्यार्थीको चाप बढी भएकाले बोध सम्बन्धी क्रियाकलाप राम्रो गरिएको पाइएन ।

छ. छात्रा र छात्रको पठन बोध क्षमतामा समानता पाइएको छैन छात्राले भन्दा छात्रले राम्ररी उत्तर दिएका छैनन् ।

ज) केही विद्यार्थीहरुको अदृष्टांश पठन बोध क्षमता कमजोर रहेको छ ।

झ) विद्यार्थीहरुको पठन बोधको क्षमता सन्तोषजनक नदेखिएकाले उनीहरुमा पूर्वज्ञानको कमी देखिन्छ ।

ञ) नेपाली मातृभाषी भन्दा दोस्रोभाषीको पठन बोध क्षमता कम रहेकोले दोस्रोभाषीलाई नेपाली भाषीको बोध क्षमतामा समस्या देखिन्छ ।

## ५.२.२ उपयोगिता

यस अध्ययनले झापा जिल्लाका कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरुको पठन बोध सम्बन्धी क्षमताको अध्ययन गरेर पठन बोध क्षमताको पहिचान गरेको छ । यस अध्ययनबाट विद्यार्थीहरुको पठन बोध क्षमताको स्थिति पहिचान हुनुका साथै आइपरेका समस्या समाधानका उपायहरु पनि स्पष्ट पारिएकाले यो अध्ययनको उपयोगिता रहेको छ । यस अध्ययनले शिक्षक, पाठ्य पुस्तक निर्माता, पाठ्यक्रम विद्हरुलाई पनि प्रभावकारी ढङ्गले आफ्नो कार्य गर्न प्ररित गरेकोले यो अध्ययनको उपयोगिता रहेको छ ।

## ५.३. भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

१. पठन बोध क्षमता विकासका लागि शिक्षण क्रियाकलापको भूमिका सम्बन्धी अध्ययन

२. प्राथमिक तहका विद्यार्थीहरुको पठन बोध क्षमताको अध्ययन

३. कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको पद्यांश पठन बोध क्षमताको अध्ययन

४. छात्र छात्राहरुमा पठन बोध क्षमतामा फरक हुने कारणहरुको अध्ययन

५. कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन

## ४.२ श्री मोहनमाया माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- श्री मोहनमाया माध्यमिक विद्यालय विर्तामोड -२, झापा** **विद्यालयको प्रकृति :- सरकारी**

**कक्षा ७** **तालिका नं. १**

| क.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| १ | निर्मला मगर | छात्रा | मगर | १२ | ४८ | ११ | ४४ | २३ | ४६ |
| २ | समीक्षा चौधरी | छात्रा | थारु | १९ | ७६ | १५ | ६० | ३४ | ६८ |
| ३ | बिनु राई | छात्रा | राई | १६ | ६४ | १८ | ७२ | ३४ | ६८ |
| ४ | निता पुरी | छात्रा | नेपाली | १७ | ६८ | १४ | ५६ | ३१ | ६२ |
| ५ | सारिका निरौला | छात्रा | नेपाली | १६ | ६४ | १६ | ६४ | ३२ | ६४ |
| ६ | सञ्जु तामाङ | छात्रा | तामाङ | २२ | ८८ | १८ | ७२ | ४० | ८० |
| ७ | प्रमिला राजवंशी | छात्रा | राजवंशी | १४ | ५६ | १० | ४० | २४ | ४८ |
| ८ | सरस्वती हेमरम | छात्रा | सन्थाल | १६ | ६४ | १३ | ५२ | २९ | ५८ |
| ९ | अशोक खत्री | छात्र | नेपाली | १७ | ६८ | १४ | ५६ | ३१ | ६२ |
| १० | सन्दिप राई | छात्र | राई | १५ | ६० | १२ | ४८ | २७ | ५४ |
| ११ | विनोद मूर्मू | छात्र | सन्थाल | ८ | ३२ | ८ | ३२ | १६ | ३२ |
| १२ | संजय साउदेन | छात्र | लिम्बु | २३ | ९२ | १५ | ६० | ३८ | ७६ |
| १३ | रोशन परियार | छात्र | नेपाली | ९ | ३६ | ५ | २० | १४ | २८ |
| १४ | अर्जुन गौतम | छात्र | नेपाली | २१ | ८४ | १८ | ७२ | ३९ | ७८ |
| १५ | छविलाल राजवंशी | छात्र | राजवंशी | २० | ८० | १३ | ५२ | ३३ | ६६ |

## ४.३ श्री भानु उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- श्री भानु उच्च माध्यमिक विद्यालय शनिअर्जुन न.पा. झापा विद्यालयको प्रकृति :- सरकारी**

**कक्षा ७ तालिका नं. २**

| क.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| १ | विना बुढाथोकी | छात्रा | नेपाली | १२ | ४८ | ७ | २८ | १९ | ३८ |
| २ | सुवेक्षा राजवंशी | छात्रा | राजवंशी | २१ | ८४ | १५ | ६० | ३६ | ७२ |
| ३ | पूजा विश्वकर्मा | छात्रा | नेपाली | १५ | ६० | १४ | ५६ | २९ | ५८ |
| ४ | रञ्जु प्रधान | छात्रा | नेवारी | २० | ८० | २१ | ८४ | ४१ | ८२ |
| ५ | अनिसा भारती | छात्रा | नेपाली | २० | ८० | २० | ८० | ४० | ८० |
| ६ | विष्णुकुमारी बस्नेत | छात्रा | नेपाली | १७ | ६८ | १५ | ६० | ३२ | ६४ |
| ७ | अनिसा तामाङ्ग | छात्रा | तामाङ | १३ | ५२ | १४ | ५६ | २७ | ५४ |
| ८ | ज्ञानेन्द्र भारती | छात्र | नेपाली | १७ | ६८ | १४ | ५६ | ३१ | ६२ |
| ९ | सन्देश सिन्दाली | छात्र | मगर | १८ | ७२ | १५ | ६० | ३३ | ६६ |
| १० | अर्जुन पौडेल | छात्र | नेपाली | १६ | ६४ | १६ | ६४ | ३२ | ६४ |
| ११ | यमबहादुर गिरी | छात्र | नेपाली | १४ | ५६ | १४ | ५६ | ३८ | ५६ |
| १२ | ओमकुमार बराइली | छात्र | नेपाली | २० | ८० | १६ | ६४ | ३६ | ७२ |
| १३ | सन्दिप दियाली | छात्र | नेपाली | ८ | ३२ | ८ | ३२ | १६ | ३२ |
| १४ | शाश्वत भुजेल | छात्र | नेपाली | १७ | ६८ | १२ | ४८ | २९ | ५८ |
| १५ | राजु राई | छात्र | राई | ८ | ३२ | २ | ८ | १० | २० |

## ४.४ श्री कनकाई उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- श्री कनकाई उच्च माध्यमिक विद्यालय कनकाई न.पा. झापा** **विद्यालयको प्रकृति :- सरकारी**

**कक्षा ७** **तालिका नं. ३**

| क.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| **१** | रोश्नी सिवा | छात्रा | नेपाली | **९** | **३६** | **१२** | **४८** | **२१** | **४२** |
| **२** | तिर्सना शार्की | छात्रा | नेपाली | **११** | **४४** | **६** | **२४** | **१७** | **३४** |
| **३** | आरती रिजाल | छात्रा | नेपाली | **२४** | **९६** | **२२** | **८८** | **४६** | **९२** |
| **४** | मनिषा राई | छात्रा | राई | **८** | **३२** | **७** | **२८** | **१५** | **३०** |
| **५** | सुस्मीता चौधरी | छात्रा | थारु | **१४** | **५६** | **१०** | **४०** | **२४** | **४८** |
| **६** | रेखा गौतम | छात्रा | नेपाली | **१२** | **४८** | **१७** | **६८** | **२९** | **५८** |
| **७** | कुमारी शार्की | छात्रा | नेपाली | **१६** | **६४** | **१७** | **६८** | **३३** | **६६** |
| **८** | कोपिला राजवंशी | छात्रा | राजवंशी | **९** | **३६** | **१२** | **४८** | **२१** | **४२** |
| **९** | नेकी आलम शेख | छात्र | मुस्लिम | **११** | **४४** | **९** | **३६** | **२०** | **४०** |
| **१०** | अस्रफ खान | छात्र | मुस्लिम | **६** | **२४** | **७** | **२८** | **१३** | **२६** |
| **११** | अमित मण्डल | छात्र | मैथिली | **६** | **२४** | **५** | **२०** | **११** | **२२** |
| **१२** | हेमन्त बोगटी | छात्र | नेपाली | **६** | **२४** | **९** | **३६** | **१५** | **३०** |
| **१३** | विनोद दंगाल | छात्र | नेपाली | **१८** | **७२** | **१२** | **४८** | **३०** | **६०** |
| **१४** | सुरज थापा | छात्र | नेपाली | **७** | **२८** | **९** | **३६** | **१६** | **३२** |
| **१५** | योगराज सुवेदी | छात्र | नेपाली | **१४** | **५६** | **१६** | **६४** | **३०** | **६०** |

## ४.५ होली बेजिल एजुकेशन फाउण्डेशनका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- होली बेजिल एजुकेशन फाउण्डेशन शनिअर्जुन न.पा. झापा** **विद्यालयको प्रकृति :- निजी**

**कक्षा ७** **तालिका नं. ४**

| क्र.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| १ | आरती भुजेल | छात्रा | नेपाली | ११ | ४४ | १२ | ४८ | २३ | ४६ |
| २ | अनुस्का कार्की | छात्रा | नेपाली | ८ | ३२ | १३ | ५२ | २१ | ४२ |
| ३ | सोनु प्रसाई | छात्रा | नेपाली | १४ | ५६ | १९ | ७६ | ३३ | ६६ |
| ४ | एलिना अधिकारी | छात्रा | नेपाली | ११ | ४४ | १४ | ५६ | २५ | ५० |
| ५ | इन्दिरा भण्डारी | छात्रा | नेपाली | १६ | ६४ | १९ | ७६ | ३५ | ७० |
| ६ | मेलिना दाहाल | छात्रा | नेपाली | १५ | ६० | १७ | ६८ | ३२ | ६४ |
| ७ | भगवती गुरुङ | छात्रा | गुरुङ | १६ | ६४ | १७ | ६८ | ३३ | ६६ |
| ८ | दिपेन्द्र श्रेष्ठ | छात्र | नेवारी | १२ | ४८ | २२ | ८८ | ३४ | ६८ |
| ९ | रोहित गिरी | छात्र | नेपाली | १५ | ६० | १७ | ६८ | ३२ | ६४ |
| १० | रामकृष्ण महतरा | छात्र | नेपाली | १६ | ६४ | १७ | ६८ | ३३ | ६६ |
| ११ | दिपेश खाती | छात्र | नेपाली | १४ | ५६ | १९ | ७६ | ३३ | ६६ |
| १२ | विवेक शिवाकोटी | छात्र | नेपाली | १५ | ६० | २२ | ८८ | ३७ | ७४ |
| १३ | हरि वास्तोला | छात्र | नेपाली | १६ | ६४ | २० | ८० | ३६ | ७२ |
| १४ | गणेश राई | छात्र | राई | ८ | ३२ | १४ | ५६ | २२ | ४४ |
| १५ | विवेक ढुङ्गेल | छात्र | नेपाली | १७ | ६८ | १९ | ७६ | ३६ | ७२ |

## ४.६ एसेन्ट एकेडेमीका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- एसेन्ट एकाडेमी विर्तामोड नगरपालिका-२ झापा          विद्यालयको प्रकृति :- निजी**

**कक्षा ७                    तालिका नं. ५**

| क्र.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| १ | अरुण पराजुली | छात्र | नेपाली | १७ | ६८ | १३ | ५२ | ३० | ६० |
| २ | मिलन प्रसाई | छात्र | नेपाली | १३ | ५२ | १० | ४० | २३ | ४६ |
| ३ | शुभम नेपाल | छात्र | नेपाली | १ | ४ | २ | ८ | ३ | ६ |
| ४ | संयोग बन | छात्र | नेपाली | १३ | ५२ | १४ | ५६ | २७ | ५४ |
| ५ | केशव राजवंशी | छात्र | राजवंशी | १४ | ५६ | १८ | ७२ | ३२ | ६४ |
| ६ | अनिल श्रेष्ठ | छात्र | नेवारी | ८ | ३२ | ४ | १६ | १२ | २४ |
| ७ | अनिल राजवंशी | छात्र | राजवंशी | १२ | ४८ | १० | ४० | २२ | ४४ |
| ८ | विवेक मगर | छात्र | मगर | १० | ४० | १० | ४० | २० | ४० |
| ९ | विशाल दुनुवार | छात्र | नेपाली | १३ | ५२ | ७ | २८ | २० | ४० |
| १० | विजेता बराल | छात्रा | नेपाली | १६ | ६४ | १३ | ५२ | २९ | ५८ |
| ११ | कविता प्रसाई | छात्रा | नेपाली | १४ | ५६ | ११ | ४४ | २५ | ५० |
| १२ | रितीका चौधरी | छात्रा | थारु | १६ | ६४ | १४ | ५६ | ३० | ६० |
| १३ | अस्मिता चौधरी | छात्रा | थारु | ९ | ३६ | ९ | ३६ | १८ | ३६ |
| १४ | पूजा राजवंशी | छात्रा | राजवंशी | १५ | ६० | १४ | ५६ | २९ | ५८ |
| १५ | सृजना तिम्सिना | छात्रा | नेपाली | १६ | ६४ | १२ | ४८ | २८ | ५६ |

## ४.७ प्यारागन एकाडेमीका विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण प्राप्ताङ्क तालिका

**विद्यालय :- प्यारागन एकाडेमी कनकाइ नगरपालिका झापा** **विद्यालयको प्रकृति :- निजी**

**कक्षा ७** **तालिका नं. ६**

| क.स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | भाषा | दृष्टांश | | अदृष्टांश | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. २५ | प्रतिशत | पू २५ | प्रतिशत | पू. ५० | प्रतिशत |
| **१** | कामना श्रेष्ठ | छात्रा | नेवारी | **२३** | **९२** | **१६** | **६४** | **३९** | **७८** |
| **२** | सञ्जु खड्का | छात्रा | नेपाली | **२३** | **९२** | **१५** | **६०** | **३८** | **७६** |
| **३** | रेजिना सापकोटा | छात्रा | नेपाली | **१८** | **७२** | **१६** | **६४** | **३४** | **६८** |
| **४** | जीना आङ्गवो | छात्रा | लिम्बू | **२३** | **९२** | **१०** | **४०** | **३३** | **६६** |
| **५** | निशा कोइराला | छात्रा | नेपाली | **२४** | **९६** | **१८** | **७२** | **४२** | **८४** |
| **६** | इशा श्रेष्ठ | छात्रा | नेवारी | **२४** | **९६** | **१८** | **७२** | **४२** | **८४** |
| **७** | विनिता राई | छात्रा | राई | **२१** | **८४** | **१७** | **६८** | **३८** | **७६** |
| **८** | ईशा कट्टेल | छात्रा | नेपाली | **२०** | **८०** | **१७** | **६८** | **३६** | **७४** |
| **९** | एलिसा खरेल | छात्रा | नेपाली | **२०** | **८०** | **१३** | **५२** | **३३** | **६६** |
| **१०** | सोनिया सोडारी | छात्रा | नेपाली | **२४** | **९६** | **१७** | **६८** | **४१** | **८२** |
| **११** | अभिषेक पोखरेल | छात्र | नेपाली | **१४** | **५६** | **१०** | **४०** | **२४** | **४८** |
| **१२** | अमृत सुब्बा | छात्र | लिम्बू | **१४** | **५६** | **९** | **३६** | **२३** | **४६** |
| **१३** | विपन गैतम | छात्र | नेपाली | **२२** | **८८** | **२१** | **८४** | **४३** | **८६** |
| **१४** | रमन चौधरी | छात्र | थारु | **१७** | **६८** | **१०** | **४०** | **२७** | **५४** |
| **१५** | अभिषेक चौधरी | छात्र | थारु | **७** | **२८** | **९** | **३६** | **१६** | **३२** |